# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १११ | काठमाडौं | बुधबार, २७ साउन २०८३ | Prabhab National Daily | Wednesday, 12 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५ |-


## जथाभावी पार्किङले दुर्घटना भए क्षतिपूर्ति तिराउने कानुन बनाउँदै सरकार

- सडक-फुटपाथमा सामान राखे जिम्मेवार हुने
- बढी दुर्घटना हुने स्थल पहिचान गरी विशेष सुरक्षा अपनाइने
- जीर्ण सडक मर्मतको जिम्मा सम्बन्धित निकायलाई दिइने
- दुर्घटनाका घाइतेलाई उद्धार, उपचार र क्षतिपूर्तिको व्यवस्था गरिने



एआईको सहयोगमा तयार गरिएको प्रतीकात्मक तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** सडक दुर्घटना रोकथाम तथा न्यूनीकरणका लागि सरकारले कडा कानुनी व्यवस्था गर्न लागेको छ। सडकमा जथाभावी पार्किङ गर्ने, सडक तथा फुटपाथमा मालसामान राख्ने, जीर्ण सडक मर्मत नगर्ने र सडक सुरक्षाप्रति लापरवाही गर्ने व्यक्ति तथा संस्थालाई जिम्मेवार बनाउनेगरी सरकारले सडक सुरक्षा विधेयकको मस्यौदा तयार गरेको पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पूर्वाधार निर्माण तथा यातायात महाशाखाका सहसचिव कृष्णराज पन्थले बताए।

उनका अनुसार मन्त्रालयले तयार गरेको सडक सुरक्षा विधेयक तर्जुमा सहमतिका लागि कानुन मन्त्रालयमा पठाइएको छ। कानुन मन्त्रालयबाट सहमति आएपछि विधेयक मन्त्रिपरिषद्मा लैजाने र मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि संसद्मा दर्ता गर्ने तयारी मन्त्रालयको छ।

प्रस्तावित विधेयक पारित भएमा नेपालमा पहिलोपटक सडक सुरक्षासम्बन्धी छुट्टै कानुन बन्ने छ। सडक सुरक्षाका विषय विभिन्न कानुनमा रहे पनि सडक सुरक्षालाई नै मुख्य विषय बनाएर छुट्टै कानुन नरहेको मन्त्रालयले जनाएको छ। विधेयकको मुख्य उद्देश्य सडक दुर्घटना कम गर्नु रहेको सहसचिव पन्थले बताए।

> हामीकहाँ हालसम्म सडक सुरक्षासम्बन्धी कानुन नै छैन र यो नयाँ कानुन बन्न लागेको हो । यसको मुख्य उद्देश्य सडक दुर्घटना न्यून बनाउने हो ।
>
> **■ कृष्णराज पन्थ**
> **सहसचिव, पूर्वाधार विकास मन्त्रालय**

'हामीकहाँ हालसम्म सडक सुरक्षासम्बन्धी कानुन नै छैन र यो नयाँ कानुन बन्न लागेको हो। यसको मुख्य उद्देश्य सडक दुर्घटना न्यून बनाउने हो,' उनले प्रभावसँग भने।

सरकारले प्रस्ताव गरेको विधेयकमा दुर्घटना रोकथामदेखि दुर्घटना भइसकेपछि घाइतेको उद्धार र उपचारसम्मका विषयलाई समेटिएको छ। प्रस्तावित विधेयकको सबैभन्दा महत्वपूर्ण व्यवस्थामध्ये सडकमा जथाभावी पार्किङ गर्नेलाई दुर्घटनाको जिम्मेवार बनाउने व्यवस्था हो।

मस्यौदाको दफा ३७ मा सडकको सवारी गुड्ने भाग वा पार्किङ निषेधित क्षेत्रमा पार्किङ गरिएका सवारीसाधनका कारण दुर्घटना भई हानि-नोक्सानी भए सवारीधनी तथा चालकबाट क्षतिपूर्ति असुल गर्न सकिने व्यवस्था गरिएको छ।


त्यसका लागि राष्ट्रिय सडक सुरक्षा परिषद्ले कार्यविधि बनाएर लागू गर्न सक्नेछ। यसले सडकको मुख्य भागमै सवारी रोक्ने, पार्किङ निषेधित क्षेत्रमा गाडी राख्ने तथा सडक किनारमा जथाभावी सवारी छाड्ने प्रवृत्तिमाथि कानुनी अंकुश लगाउने छ। अहिले सडकमा पार्किङ गरिएका सवारीका कारण दुर्घटना हुँदा जिम्मेवारी निर्धारण गर्न कठिन हुने गरेको छ। प्रस्तावित व्यवस्थाले भने दुर्घटनाको कारण बनेको पार्किङलाई नै क्षतिपूर्तिसँग जोड्ने छ। सडक सुरक्षासम्बन्धी नयाँ कानुनले सडक तथा फुटपाथमा अनधिकृत रूपमा मालसामान राख्नेलाई पनि जिम्मेवार बनाउने छ।

क्रमशः पृष्ठ २ मा

## सुटुक्क भारत पुगेर फर्किए शेखर

### साझा नेताका रूपमा सभापति बन्न सक्रिय

■ प्रभाव संवाददाता



- विराटनगर भनेर गएका शेखर अघिल्लो हप्ता स्थलमार्गबाट भारत पुगेको स्रोतको दाबी
- कांग्रेस एकता, पार्टीको नेतृत्वकोबारे भारतीयपक्षका उच्चस्तरका नेताहरूसँग भेटवार्ता
- भारतबाट फर्किएपछि मंगलबार बिहान सभापति गगन थापासँग सुटुक्क भेटवार्ता
- देउवापक्षको राष्ट्रिय भेलामा शेखर सहभागी हुने
- दुई गुटको टकरावकाबीच मध्यमार्गी योजना बुन्दै शेखर

**काठमाडौं–** नेपाली कांग्रेसमा शेरबहादुर देउवा समूहले राष्ट्रिय भेला आयोजनाका लागि डा. शेखर कोइरालालाई संयोजक तोक्ने तयारी गरेको थियो। देउवापक्षले वैकल्पिक शक्ति बनाउने तयारी गरेपछि उनलाई नेतृत्व दिने तयारीसमेत अगाडि बढेको थियो।

तर एकाएक साउन १६ गते राष्ट्रिय भेलाको संयोजकको जिम्मेवारी डा. शशांक कोइरालाले पाए। शशांकलाई संयोजक तोकेको कार्यक्रममा शेखर उपस्थितसमेत भएनन्। त्यतिबेला शशांकले भनेका थिए, 'शेखरदाको पनि मलाई साथ छ। कार्यव्यस्तताले उहाँ आउनुभएन।'

त्यतिबेला शेखर विराटनगरस्थित कोइराला निवास पुगेको बताइएको थियो। योसँगै शेखरले नयाँ दल खुलेमा शशांकलाई सभापति बनाउन तयार रहेको बताइएको थियो। तर हालै काठमाडौं आइपुगेका शेखर दुवै पक्षको साझा नेताका रूपमा सभापति बन्ने प्रयासमा लागेका छन्। मंगलबार बिहानमात्र कांग्रेस सभापति गगन थापाले शेखरलाई भेटेका थिए। शेखरको सचिवालय विशालनगरमा भएको भेटमा पार्टीको पछिल्लो विवाद सल्टाउन सभापति थापाले शेखरसँग सहयोग मागेका थिए। 'पछिल्लो विवाद कसरी मिलाएर जान सकिन्छ भन्ने विषयमा छलफल केन्द्रित थियो,' शेखरका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले भने।

करिब एक घण्टाको भेटवार्तामा सभापति थापाले कांग्रेस विवाद समाधानका लागि सहयोग गरिदिन आग्रह गरेका थिए। गत पुसमा विशेष महाधिवेशनपछि थापा सभापति बनेका हुन्। निर्वाचन आयोग र सर्वोच्च अदालतले थापा नेतृत्वको कांग्रेसलाई आधिकारिता दिए पनि देउवापक्ष भने संघर्षमा उत्रिएको छ।

देउवापक्षले बिहीबार राष्ट्रिय भेलासम्म एकताका लागि थापासँग आग्रह गरेका छन्। भेलासम्ममा एकताको प्रस्ताव नआए नयाँ दल खोलेर अघि बढ्ने चेतावनी संस्थापनइतरले दिँदै आएको छ। हङकङबाट पूर्वसभापति देउवासमेत आइपुग्ने यो भेलालाई सम्बोधन गर्न शेखरसमेत जाने भएका छन्। सभापति थापासँगको भेटपछि शेखर उक्त भेलामा जाने सूचना उनको सचिवालयबाट जारी भएको थियो। उक्त भेलामा सहभागी भए पनि शेखरले एकताकै लागि प्रयास गर्ने उनका स्वकीय सचिव थपलियाले बताए। 'त्यो कुनै पार्टी विभाजन गर्ने भेला नभएकाले उक्त भेलामा सहभागी भएर डा. शेखर कोइरालाले पार्टी एकताकै लागि आव्हान गर्नुहुने छ,' थपलियाले भने।

संस्थापनइतरको भेलामासमेत नदेखिएका शेखर फेरि किन सक्रिय छन्? स्रोतका अनुसार विराटनगर भनेर गएका शेखर अघिल्लो हप्ता स्थलमार्गबाट भारत पुगेका थिए। 'उहाँ भारत जानुभएको थियो। भारतमा उच्चस्तरको भेटपछि उहाँ स्थलमार्गहुँदै विराटनगर फर्कनुभएको थियो,' स्रोतले भन्यो।

भारत भ्रमणका क्रममा कांग्रेस एकता, पार्टीको नेतृत्वकोबारेमा भारतीयपक्षका उच्चस्तरका नेताहरूसँग भेटवार्ता भएको बताइएको छ। यो भेट शेखरलाई कांग्रेसको साझा नेता बनाउनेगरी तय भएको शेखरनिकट नेताहरू बताउँछन्।

यसका लागि डा. शेखरले संस्थापनइतरमासमेत प्रयास गरेका छन्। विशेष महाधिवेशन हुँदा डा. शेखर तटस्थ बसेका थिए। आफू साझा नेता बन्ने प्रयासका साथ शेखरले यो प्रयास थालेको संस्थापनइतरकै नेताहरू बताउँछन्। 'अहिले डा. शेखर साझा नेता बन्ने प्रयासमा लाग्नुभएको छ। दुवै पक्षको सक्रियता हेर्दा दुवै पक्षले मानेमा डा. शेखर साझा सभापति बन्न सक्नुहुन्छ,' ती नेताले भने।

भारत भ्रमणमा डा. शेखरले आफू हिन्दूराष्ट्र नेपालको पक्षमा उभिने वचनसमेत दिएको बताइएको छ। ललितपुरको गोदावरीमा २०८० फागुनमा भएको कांग्रेसका महासमिति बैठकमा शंकर भण्डारीको नेतृत्वमा सनातन हिन्दूराष्ट्र नेपालको पक्षमा हस्ताक्षर अभियान चलाइएको थियो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## कालो पट्टी बाँधेर सरकारविरूद्ध सांकेतिक विरोध

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'शून्य समय' घोषणा गरेर आन्दोलनमा उत्रिएका वैदेशिक रोजगार व्यवसायीहरूले मंगलबार कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरेका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आह्वानमा जारी आन्दोलनको दोस्रो दिन व्यवसायीहरूले कालोपट्टी बाँधेर काम गरेका हुन्।

संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूले सिफलस्थित संघको कार्यालयमा कालो पट्टी बाँधेर विरोध जनाएका थिए। संघले १५ बुँदे माग सम्बोधन गर्न सरकारलाई दबाब दिन चरणबद्ध आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिने जानकारी दिएको छ।

जसअन्तर्गत मंगलबारका लागि कालोपट्टी बाँधेर विरोध जनाउने कार्यक्रम तय गरिएको थियो। अधिकांश व्यवसायीले आफ्नो संस्थाका सबै कर्मचारीले कालोपट्टी बाँधेको फोटो सामाजिक सञ्जालमा राख्दै सांकेतिक विरोध जनाएका छन्। व्यवसायीहरूले वैदेशिक रोजगार क्षेत्रका जायज माग सम्बोधन गर्न र यसलाई व्यवस्थित, पारदर्शी तथा सम्मानित बनाउन सरकारसँग माग गर्दै आएका छन्। अहिलेको आन्दोलन व्यवस्थाको सुधारका साथै यस क्षेत्रका उज्ज्वल भविष्यका लागि गरिएको व्यवसायीहरूको भनाइ छ। शुक्रबारसम्म यसरी नै सांकेतिकरूपमा मौन दबाब दिइने संघले जनाएको छ। त्यसपछि अनसनलगायतका कडा आन्दोलनमा जाने संघका महासचिव हिराबहादुर डाँगीले बताए।

'बुधबारको कार्यक्रमअन्तर्गत व्यवसायीलाई मर्यादित बनाउन के-के गर्न सकिन्छ भनेर सामाजिक सञ्जालमा स्लोगनहरू राख्छौं,' उनले भने, 'शुक्रबारदेखि कसले काम गरेको छ कि छैन भनेर अनुगमनसमेत गर्दै कडा रूपमा जान्छौं।'

क्रमशः पृष्ठ २ मा

लोकतान्त्रिक एसोसिएसनको विवाद

## निर्वाचनसम्बन्धी कामकारबाही रोक्न उच्चको अन्तरिम आदेश

### अध्यक्षको रूपमा काम गर्न बाटो खुलेको गैरेको दाबी

**काठमाडौं (प्रस)–** उच्च अदालत पाटनले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनलाई निर्वाचनको कार्यक्रम अगाडि नबढाउन आदेश दिएको छ। पछिल्लो महाधिवेशनबाट निर्वाचित भएर पनि निलम्बनमा परेका अध्यक्ष रामप्रसाद गैरेले आफ्नो पुनर्वहाली माग गर्दै दायर गरेको रिटमा उच्चले मंगलबार निर्वाचनसम्बन्धी थप निर्णय नगर्न आदेश दिएको हो।

न्यायाधीस विष्णुप्रसाद अर्याल र दीपक खनालको संयुक्त इजलासले यस विषयको अन्तिम टुंगो नलागेसम्म निर्वाचनसम्बन्धी कुनै पनि निर्णय वा कामकारबाही नगर्न आदेश दिएको छ। 'प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्मका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अध्यक्षको निर्वाचन सम्बन्धमा थप निर्णय तथा कामकारबाही नगर्नू, नगराउनू,' आदेशमा भनिएको छ।

गत असार ५ गते सम्पन्न १३औं साधारणसभाबाट निर्वाचित अध्यक्ष गैरे पुरानो मुद्दाका कारण अयोग्य ठहर भएका थिए। त्यसपछि रिक्त अध्यक्ष पदमा गैरेसँग पराजित भएका किशोरकुमार केसीलाई जिम्मेवारी तोक्ने निर्णय जिल्ला प्रशासन कार्यालय काठमाडौंले गऱ्यो। असार २२ गतेको उक्त निर्णयविरुद्ध एसोसिएसनको निर्वाचित कार्यसमिति, पूर्वअध्यक्षलगायतले निर्णय सच्याउन माग गर्दै जिल्ला प्रशासनमा ध्यानाकर्षणपत्र बुझाएका थिए।

क्रमशः पृष्ठ २ मा

## प्रदेशमा अन्योल हटाउन ओली-दाहालको 'विशेष निर्देशन'

■ प्रभाव संवाददाता





**काठमाडौं–** प्रदेशहरूमा सरकार गठन र मन्त्रालय बाँडफाँडमा सहमति जुटाउन कठिनाइ भइरहेका बेला नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहालले प्रदेश सरकार गठनका लागि विशेष निर्देशन जारी गरेका छन्।

दुई पार्टीबीच प्रदेश सरकार गठनमा सहकार्य गर्ने सहमति भए केही प्रदेशमा कसले मुख्यमन्त्री लिने र मन्त्रालय कसरी बाँडफाँड गर्ने भन्ने विषयमा देखिएको अन्योल हटाउन शीर्ष नेताद्वयले निर्देशन जारी गरेका हुन्। गत साउन ९ गते एमाले र नेकपाबीच प्रदेश सरकारमा सहकार्य गर्ने तीन बुँदे सहमति भएको थियो। तर, सहमति भए पनि प्रदेशअनुसार दलहरूको शक्ति सन्तुलन फरक रहेकाले सरकार गठन र मन्त्रालय बाँडफाँडमा समस्या देखिएको थियो।

त्यही अन्योल चिर्न ओली र दाहालले मंगलबार प्रदेश सरकार गठन तथा मन्त्रालय बाँडफाँडको आधार स्पष्ट पार्दै निर्देशन दिएका हुन्। दुई पार्टीका नेतृत्वले जारी गरेको निर्देशनअनुसार प्रदेश सरकार गठन गर्दा सम्बन्धित प्रदेशसभामा रहेका दलहरूको सिट संख्यालाई मुख्य आधार मानिने छ।

> - सिट संख्याका आधारमा मुख्यमन्त्री र मन्त्रालय बाँडफाँड गर्ने
> - मन्त्रालय छनोटमा पालैपालो प्राथमिकता दिने
> - बहुमत नपुगे तेस्रो दललाई सहभागी गराई साझा प्रतिबद्धताका आधारमा सरकार चलाउने

मन्त्रालयको संख्या पनि प्रदेशसभामा रहेका दलहरूको सदस्य संख्याको अनुपातमा निर्धारण गरिने छ। मुख्यमन्त्री र सभामुखजस्ता महत्त्वपूर्ण जिम्मेवारीलाई समेत समग्र शक्ति सन्तुलनमा गणना गरिने व्यवस्था गरिएको छ। यसले प्रदेशमा सरकार गठन गर्दा पद र मन्त्रालयका विषयमा हुने दाबीलाई प्रदेशसभाको वास्तविक शक्ति सन्तुलनसँग जोडेको छ।

विशेषगरी एउटै दलले मुख्यमन्त्री र धेरै मन्त्रालय लिने तथा अर्को दलले आफ्नो हैसियतअनुसार हिस्सा नपाउने अवस्था नहोस् भनेर मन्त्रालय बाँडफाँडको स्पष्ट सूत्र बनाइएको छ।

क्रमशः पृष्ठ २ मा

# ज्येष्ठ नागरिकलाई भाडा छुटको प्रभावकारी कार्यान्वयन गराउन पहल

**काठमाडौं (प्रस)–** ज्येष्ठ नागरिकले सार्वजनिक सवारीसाधनमा कानुनबमोजिम पाउनुपर्ने ५० प्रतिशत भाडा छुट र कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारी कार्यान्वयन गराउनुपर्नेमा जोड दिइएको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु सबैको कर्तव्य हुने व्यवस्था छ ।

सोही व्यवस्थाअनुसार नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमका सार्वजनिक सवारीसाधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुई वटा सिट सुरक्षित राख्नुपर्ने र यातायात भाडा दरमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था रहेको छ ।

कानुनी व्यवस्था हुँदाहुँदै अधिकांश ज्येष्ठ नागरिकले सार्वजनिक सवारीसाधनमा छुट नपाएको गुनासो मन्त्रालयमा प्राप्त भएपछि महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीको निर्देशनमा मन्त्रालयले यस विषयलाई प्राथमिकताका साथ अघि बढाएको हो ।

ज्येष्ठ नागरिकले कानुनबमोजिम प्राप्त गर्नुपर्ने छुट तथा सुविधा प्रभावकारीरूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन सामाजिक सुरक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई औपचारिक पत्र पठाउँदै आवश्यक सहयोग र सहजीकरणका लागि अनुरोध गरेको छ ।

मन्त्री वादीको निर्देशनमा मन्त्रालयले ज्येष्ठ नागरिकको अधिकार, सम्मान र सामाजिक सुरक्षालाई व्यवहारमै सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राख्दै कानुनमा व्यवस्था भएका सुविधा कागजमामात्र सीमित नराखी प्रभावकारीरूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको हो ।मन्त्रालयको यो पहलसँगै सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकका लागि कानुनले सुनिश्चित गरेको ५० प्रतिशत भाडा छुट र कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन हुने तथा ज्येष्ठ नागरिकले आफ्नो अधिकार सहजरूपमा उपभोग गर्न पाउने वातावरण निर्माण हुने अपेक्षा गरिएको छ ।

पृष्ठ १ बाट क्रमशः

## सुटुक्क भारत...

उक्त महासमिति बैठकमा भण्डारीले देउवालाई एक हजार ६३ जनाको हस्ताक्षर बुझाएका थिए । त्यतिबेला डा. शशांक कोइरालालेसमेत यो अभियानमा हस्ताक्षर गरेका थिए । नियमितरूपमै कांग्रेसको महाधिवेशन भएको भए देउवाले शशांक वा शेखरमध्ये एकलाई सभापतिको उम्मेदवार बनाउने बताइएको थियो । त्यसका लागि नेताहरूले आन्तरिक गृहकार्यसमेत गरेका थिए । तर भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहपछि कांग्रेसमा विशेष महाधिवेशनको मुद्दा चर्किएको थियो । जसले गगनलाई कांग्रेसको सर्वोच्च पदमा पुर्‍यायो र फागुन २१ को निर्वाचनसमेत भयो । साउन २२ गते सर्वोच्चले कांग्रेस आधिकारिकता विवाद मुद्दामा पुनरवलोकनको निस्सा दिएसँगै अहिले सभापति थापा तनावमा देखिन्छन् । यता देउवापक्ष भने उत्साहित बनेका छन् । दुई कट्टर धारलाई चिर्दै मध्यमार्गी बाटो समातेर अबको सभापति बन्ने दाउमा डा. शेखर रहेको चर्चा कांग्रेस वृत्तमा चल्न थालेको छ ।

### १५औं महाधिवेशनको गतिविधि रोक्न माग

देउवापक्षले १५औं महाधिवेशनलगायतका सबै सांगठनिक गतिविधि तत्काल रोक्न मागसहित सानेपामा पत्र पठाएको छ । राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांकले सर्वोच्च अदालतले पार्टीको वैधानिकता र नेतृत्वको विवादमा 'निस्सा' (पुनरवलोकनको अनुमति) जारी गरेको कारण देखाउँदै उक्त पत्र पठाएका हुन् ।

कांग्रेस सभापति थापा, सबै प्रदेश, जिल्ला, क्षेत्रीय र वडा कार्यसमितिहरूका साथै निर्वाचन आयोगलाई समेत पठाइएको पत्रमा अदालतको अन्तिम फैसला नआएसम्म पार्टीका सबै दूरगामी निर्णयहरू यथास्थितिमा राख्न भनिएको छ । कांग्रेसको वैधानिकता र नेतृत्वको विवादमा सर्वोच्च अदालतबाट यसअघि भएको फैसलाउपर तत्कालीन सभापति देउवा र उपसभापति पूर्णबहादुर खड्काको पुनरवलोकन निवेदनमा उक्त फैसलामा 'गम्भीर कानुनी त्रुटि' औंल्याएको भन्दै वर्तमान नेतृत्व र संरचनाको वैधानिकतामा कानुनी प्रश्न उठेको कोइरालाको तर्क छ ।

भेला आयोजक समितिले १५औं महाधिवेशन वा विशेष महाधिवेशनसँग सम्बन्धित सम्पूर्ण सांगठनिक, प्राविधिक वा नीतिगत कार्यतालिका तत्कालका लागि स्थगित गर्नुपर्ने, अदालतको अन्तिम फैसला नआएसम्म पार्टीको तर्फबाट गरिने कुनै पनि नीतिगत, राजनीतिक वा आर्थिक निर्णयहरू यथास्थितिमा राख्न माग गरेको छ । शशांकले कानुनी राज्यको सिद्धान्तबमोजिम अदालतमा विचाराधीन मुद्दाको अन्तिम परिणामलाई असर पर्ने गरी कुनै पनि गतिविधि नगर्न ध्यानाकर्षणसहित गतिविधि अगाडि बढाइए अदालतको अवहेलनाको जिम्मेवार सम्बन्धित पक्ष नै हुनुपर्ने चेतावनी दिएका छन् ।

■■■

## जथाभावी पार्किङले ...

मस्यौदामा सडकको सवारी गुड्ने भाग वा सडक पेटीमा अनधिकृतरूपमा मालसामान राखेका कारण दुर्घटना भई हानि-नोक्सानी भए सम्बन्धित व्यक्ति वा संस्थाबाट क्षतिपूर्ति असुल गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । यसका लागि पनि राष्ट्रिय सडक सुरक्षा परिषद्ले आवश्यक कार्यविधि बनाएर लागू गर्न सक्ने छ । निर्माण सामग्री, पसलका सामान, विज्ञापन सामग्री तथा अन्य वस्तु सडक र फुटपाथमा राख्दा पैदल यात्रु तथा सवारीसाधनको आवागमन प्रभावित हुने गरेको छ। कतिपय अवस्थामा यस्ता अवरोध दुर्घटनाको कारणसमेत बन्ने गरेका छन् । अब भने त्यस्ता गतिविधिका कारण दुर्घटना भए सम्बन्धित व्यक्ति वा संस्थाले क्षतिपूर्ति व्यहोर्नुपर्ने कानुनी व्यवस्था गर्न खोजिएको हो ।

विधेयकमा पूर्वाधार विकासमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सडक सुरक्षा परिषद् गठन गर्ने प्रस्ताव गरिएको छ । परिषद्मा सरकारी अधिकारीसँगै यातायात तथा सडक सुरक्षाका अनुभवी व्यक्तिलाई सदस्य बनाउने व्यवस्था गरिएको छ । परिषद्ले सडक सुरक्षासम्बन्धी नीति, मापदण्ड तथा कार्यविधि बनाउने छ । सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक उपाय पहिचान गरी लागू गराउने जिम्मेवारीसमेत परिषद्लाई दिइने छ । सडकमा अनधिकृतरूपमा मालसामान राख्ने वा अन्य गतिविधिका कारण दुर्घटना भए क्षतिपूर्ति असुल गर्ने प्रक्रिया पनि परिषद्ले बनाउने कार्यविधिका आधारमा अघि बढाइने छ ।

विधेयकले बढी दुर्घटना हुने सडक खण्ड पहिचान गरी त्यहाँ विशेष सुरक्षा उपाय अपनाउने व्यवस्था पनि प्रस्ताव गरेको छ । पछिल्लो तीन वर्षमा कम्तीमा पाँचवटा सडक दुर्घटना भएको वा सो अवधिमा सडक दुर्घटनाबाट कम्तीमा १० जनाको मृत्यु भएको सडकखण्डलाई बढी दुर्घटना हुने स्थलका रूपमा पहिचान गरिने छ । यस्ता स्थानमा दुर्घटना न्यूनीकरणका विशेष उपाय अपनाउनुपर्ने छ ।

यसले दुर्घटना भएपछि मात्र प्रतिक्रिया जनाउनेभन्दा दुर्घटनाको जोखिम बढी भएका स्थान पहिचान गरेर पहिले नै रोकथाम गर्ने नीति अघि बढाउने पन्थले बताए । यस्तै, सडकको खराब अवस्थालाई पनि दुर्घटनाको एउटा कारण मान्दै विधेयकले जीर्ण सडक पूर्वाधारको मर्मतसम्भारमा सम्बन्धित निकायलाई जिम्मेवार बनाउने प्रस्ताव गरेको छ ।

सडक भत्किएको, खाल्डाखुल्डी परेको वा सडक पूर्वाधारका कारण दुर्घटनाको जोखिम बढेको अवस्थामा सम्बन्धित सडक निकायले समयमै मर्मत गर्नुपर्ने छ। सडक निर्माण गर्ने तर नियमित मर्मतसम्भार नगर्ने प्रवृत्तिलाई समेत यस व्यवस्थाले नियन्त्रण गर्ने अपेक्षा गरिएको छ । यसबाहेक प्रस्तावित विधेयकले दुर्घटना रोकथामसँगै दुर्घटना भइसकेपछि घाइतेको उद्धार र उपचारलाई पनि प्राथमिकता दिएको छ । सडकमा उपयुक्त दूरीमा एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने, आवश्यक स्वास्थ्य संस्था स्थापना गर्नुपर्ने तथा प्रत्येक प्रदेशका राष्ट्रिय राजमार्ग र सहरी क्षेत्रमा ट्रमा सेन्टर स्थापना गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । सडक दुर्घटनामा परेका घाइतेको उपचार गर्नु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुने प्रस्ताव गरिएको छ ।

सवारीसाधन पहिचान हुन नसकेको 'हिट एण्ड रन'को अवस्थामा वा अन्य कारणले दुर्घटनाबाट क्षतिपूर्ति प्राप्त गर्न नसकेका पीडितलाई बिमा प्राधिकरणमार्फत उपचारको व्यवस्था गर्ने प्रस्ताव पनि गरिएको छ । कुनै कारणवश क्षतिपूर्ति प्राप्त गर्न नसकेका पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था मिलाउन परिषद्ले कार्यविधि बनाउनुपर्ने छ । विधेयकमा सडक दुर्घटनाबारे तत्काल सम्बन्धित निकायलाई जानकारी दिनु आमनागरिकको जिम्मेवारी हुने व्यवस्था पनि प्रस्ताव गरिएको छ । दुर्घटनापछि तत्काल सूचना पाए उद्धार तथा उपचार प्रक्रिया छिटो सुरु गर्न सकिने भएकाले नागरिकको भूमिकालाई समेत कानुनमा समेट्न खोजिएको हो ।

■■■

## कालो पट्टी...

संघले सरकारलाई नीतिगत सुधारका लागि दबाब दिने उद्देश्यले साउन २२ गते राति १२ बजेदेखि सरकारले दिने पूर्ण तथा अन्तिम श्रम स्वीकृति नलिने घोषणा गरेको थियो । यसबीचमा आफ्ना माग सम्बोधन नभए भदौ १ गतेबाट देशभरबाट समग्र व्यवसाय बन्द गर्ने व्यवसायीको चेतावनी छ । संघर्षको पहिलो दिन सोमबार वैदेशिक रोजगार विभागमा धर्ना दिइएको थियो । वैदेशिक रोजगार विभागले भारतीय विमानस्थल प्रयोग गरेर श्रमिक पठाएको आरोपमा ७६१ म्यानपावर कम्पनीमाथि कारबाही गरेपछि व्यवसायीहरू आन्दोलित भएका हुन् ।

■■■

## निर्वाचनसम्बन्धी...

निर्वाचित कार्यसमितिले केसीलाई अध्यक्ष मान्न तयार नभएपछि संस्थाको जिम्मेवारी र निर्वाचनलाई लिएर केसीले असार ३१ गते अन्तरिम आदेश माग गर्दै उच्च अदालतमा रिट दायर गरे । रिटमाथि असार ३२ गतेको सुनुवाइमा कारण देखाउ आदेश जारी गरिएको थियो । साउन १२ मा न्यायाधीस स्वीकृति पराजुली र तेजप्रकाश आचार्यको इजलासले केसीको मागबमोजिम अन्तरिम आदेश नहुने फैसला गर्‍यो ।

त्यसपछि गैरेले अध्यक्षका प्रत्यासी केसी र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई विपक्षी बनाएर रिट दायर गरेका थिए । मंगलबारको आदेशले आफू अध्यक्षमा पुनर्वहाली भएको गैरेले दाबी गरे । 'मेरो रिटमा अन्तरिम आदेश आइसक्यो । एउटा अन्तरिम आइकेपछि यसको विरुद्धमा अर्को आदेश आउँदैन,' उनले भने, 'अब चुनावको केही कुरा नगर्नु भनेको छ । यसको अर्थ मलाई अध्यक्षको रूपमा काम गर भनेको हो ।'

■■■

## प्रदेशमा..

निर्देशनमा मन्त्रालय छनोट गर्ने क्रममा पालैपालो प्राथमिकता दिने व्यवस्था गरिएको छ । पहिलो मन्त्रालय मुख्यमन्त्रीको जिम्मेवारी नलिने दलले छनोट गर्ने छ । त्यसपछि मुख्यमन्त्री रहने दलले दोस्रो मन्त्रालय छनोट गर्ने छ । त्यसपछि यही क्रम दोहोर्‍याउँदै मन्त्रालय बाँडफाँड टुंग्याइने छ । यसले मन्त्रालयको भागबण्डामा देखिँदै आएको विवाद कम गर्ने अपेक्षा गरिएको छ । कुन मन्त्रालय कसले लिने भन्ने विषयमा शीर्ष नेतादेखि प्रदेशस्तरका नेतासम्मबीच विवाद हुने गरेको अवस्थामा मन्त्रालय छनोटको क्रम नै निर्धारण गरिएको हो ।

यस्तै, एमाले र नेकपाको सहकार्यबाट मात्र प्रदेश सरकार गठनका लागि आवश्यक संख्या नपुग्ने अवस्थामा तेस्रो दललाई समेत सरकारमा सहभागी गराउन सकिने व्यवस्था गरिएको छ। यस्तो अवस्थामा सम्बन्धित दलसँग आपसी समझदारी गरेर मन्त्रालय बाँडफाँड गरिने छ । तेस्रो दललाई समेटेपछि बाँकी मन्त्रालयका हकमा भने साविककै प्रावधानअनुसार बाँडफाँड गरिने निर्देशनमा उल्लेख छ । यसले प्रदेशसभामा एमाले र नेकपाकोमात्रै बहुमत नपुगेका प्रदेशमा सरकार गठनको बाटो खुला गरेको छ ।

प्रदेश सरकार गठनका लागि केन्द्रमा सहमति भए पनि प्रदेशस्तरमा पद र मन्त्रालय बाँडफाँडको विषयले समस्या निम्त्याउँदै आएको थियो । कुन दलले मुख्यमन्त्री पाउने ? कुन दलले कति मन्त्रालय पाउने ? सभामुखको जिम्मेवारी कसरी गणना गर्ने ? तेस्रो दललाई सरकारमा ल्याउँदा उसको हिस्सा कति हुने ? यिनै प्रश्नका कारण प्रदेश सरकार गठन प्रक्रिया सहज हुन सकेको थिएन । दुईअध्यक्षकोनिर्देशनमा सरकार गठन र मन्त्रालय बाँडफाँडमात्रै होइन, प्रदेश सरकारको काम गर्ने आधारसमेत तय गरिएको छ।


### माइग्रेसन हराएको सूचना

मिति २०८३/०२/२८ गते मोरङ जिल्ला, उर्लाबारीदेखि भागिरथ मा.वि, सनिश्चरे, मोरङ सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : नविना तामाङ
रजिस्ट्रेसन.नं.: ७९१०५०४३००३१
माइग्रेशन नं.: N/A
Issue Date : 2081/05/28 B.S.(09/13/2024 A.D.)
विद्यालय : भागिरथ मा.वि., सनिश्चरे, मोरङ
ठेगाना : मोरङ, सनिश्चरे-९
सम्पर्क: : ९७०९६४२४२४

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/१० गते का.जि.का.म.पा-१५, छाउनी स्थित बाहिरी मार्गमा पार्किङ गरी राखिएको अवस्थामा Black Cherry Red रङ्को २२० सि.सि. मोटरसाइकल रातको अन्दाजी १०:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : हरिशरण थापा मगर
बाइक नं.: बा.प्र.-०२-०६५ प ५९८६
च्यासिस नं.: MD2A13EX0TCK81917
इन्जिन नं. : DKXCIK20922
ठेगाना : का.म.न.पा.-१५, छाउनी
सम्पर्क नं. ९८१८४२९५०५

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०३/२६ गते काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.-६, मुलपानी सडक नजिक पार्किङ गरी राखिएको अवस्थामा कालो रङ्को पल्सर मोटरसाइकल दिनको अन्दाजी २०.४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : भिम बहादुर तामाङ
बाइक नं.: बा.प्र.-०२-०५८ प ९०७१
च्यासिस नं.: MD2A13EX3SCC83999
इन्जिन नं. : DKXCS26001
बनेको मिति : 2025
ठेगाना : दित्केल रुपाकोट मझुवागढी न.पा.११
सम्पर्क नं. ९७६२८०५५१३

### बिमालेख हरायो

मिति २०८३/०३/१५ गते काठमाडौं जिल्ला बुढानिलकण्ठदेखि नक्सालसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : अभय जङ्ग कुँवर
बिमालेख नं. ११००७२९१३ र ११००२९४६७
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : बुढानिलकण्ठ-३, काठमाडौं
सम्पर्क नं : ९७४५६६०७०७

### बीमालेख प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०२/२० गते बौद्धदेखि रत्नपार्क जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Lilik Royani Rai
बिमालेख नं. : 110030059
कम्पनी : LIC Nepal LTD
ठेगाना : Boudha-6, Kathamndu
सम्पर्क नं : 9841580692

### मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भ लि.को नामबाट ऋणी श्री नवराज अधिकारीको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८३।०२।१२ गते का.जि.का.म.न.पा. वडा.नं. १६, सोह्रखुट्टे अगाडि सडक खण्ड नजिकैबाट राती २२ :३० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Bajaj Pulsar 220 CC F ABS
बाईक नं. Ba Pr. 02-047 PA 8541
चेसिस नं. MD2A13EX3NCM86036
इन्जिन नं. DKXCNM40295
रङ – Red/Black
सम्पर्क – 9810224531

### बिमालेख हरायो

मिति २०८३/०१/१७ गते काठमाडौं जिल्ला सेतो पुलदेखि गौशलासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : गगन बहादुर श्रेष्ठ
बिमालेख नं. १००१०३५२६
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : बुंकोट-५, गोरखा
सम्पर्क नं : ९८५११३९०७१

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२७ गते**

यस कम्पनीको मिति २०८३/०३/२३ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कनेक्ट ग्लोब एजुकेशन ग्रुप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/३१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.जि.इ.जि. ग्लोबल प्रा.लि. (प्रा.लि.नं. १४३४११)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२७ गते**

यस कम्पनीको मिति २०८३/०४/१४ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस.एण्ड एस.एस कन्स्ट्रक्सन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एस.एण्ड एस.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. ३७७३४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७८/०९/०७ मा दर्ता भएको **प्रा. लि. नं. २८०३०२** को **ओ.डी.सी क्याफे एण्ड रेष्टुरेण्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, २७ साउन, २०८३**

| | |
|---|---|
| मेष | काममा उत्साह बढ्नेछ । आर्थिक लाभको अवसर मिल्नेछ, तर हतारमा निर्णय नगर्नुहोस् । |
| वृष | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र आम्दानीको नयाँ बाटो खुल्न सक्छ । |
| मिथुन | नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । बोलीका कारण विवाद हुनसक्ने भएकाले संयम अपनाउनु राम्रो हुनेछ । |
| कर्कट | मेहनत अनुसार राम्रो परिणाम प्राप्त हुनेछ । व्यापार तथा आर्थिक क्षेत्रमा सुधार आउने संकेत छ । |
| सिंह | महत्वपूर्ण काममा सफलता मिल्नेछ । नयाँ व्यक्ति वा अवसरसँगको सम्पर्क उपयोगी बन्न सक्छ । |
| कन्या | कामको चाप बढे पनि उपलब्धि हात लाग्नेछ । अनावश्यक खर्च नियन्त्रण गर्नु राम्रो हुनेछ । |
| तुला | सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ । नयाँ योजना सुरु गर्न अनुकूल समय देखिन्छ । |
| वृश्चिक | केही चुनौती आए पनि धैर्यले समाधान गर्न सकिनेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस । |
| धनु | नयाँ अवसर प्राप्त हुनेछन् । यात्राबाट लाभ मिल्न सक्छ भने साथीभाइबाट राम्रो सहयोग पाइनेछ । |
| मकर | जिम्मेवारी बढ्नेछ तर मेहनतको उचित मूल्यांकन हुनेछ । आर्थिक पक्ष सकारात्मक रहनेछ । |
| कुम्भ | पुराना समस्या समाधानतर्फ जानेछन् । नयाँ काममा सफलता प्राप्त गर्न योजनाबद्ध रूपमा अघि बढ्नुहोस । |
| मीन | मनमा उत्साह र आत्मविश्वास बढ्नेछ । पारिवारिक सम्बन्ध राम्रो रहनेछ र आर्थिक लाभको सम्भावना छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ साउन, २०८३ (१२ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.१९ | १५२.७९ |
| युरो | १ को | १७५.८९ | १७६.५८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.३७ | २०६.१८ |
| स्विस फ्रैन्क | १ को | १८८.२५ | १८८.९९ |
| अस्ट्रेलियन डलर | १ को | १०७.५० | १०७.९२ |
| क्यानाडियन डलर | १ को | १०९.१५ | १०९.५८ |
| सिङगापुर डलर | १ को | ११८.९८ | ११९.४५ |
| जापानी येन | १० को | ९.५८ | ९.६२ |
| चिनियाँ युआन | १ को | २२.५७ | २२.६६ |
| साउदी अरब रियाल | १ को | ४०.५३ | ४०.६९ |
| कतारी रियाल | १ को | ४१.७४ | ४१.९१ |
| थाई भाट | ख १ को | ४.६१ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४४ | ४१.६० |
| मलेसियन रिङेट | १ को | ३७.२१ | ३७.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.७४ | १०.७८ |
| स्विडिस क्रोनर | १ को | १६.०५ | १६.११ |
| डेनिस क्रोनर | १ को | २३.५३ | २३.६२ |
| हङकङ डलर | १ को | १९.४० | १९.४८ |
| कुवेती दिनार | १ को | ४९५.५७ | ४९७.५३ |
| बहराइन दिनार | १ को | ४०३.६३ | ४०५.२२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# सामाजिक सञ्जालको दुरूपयोग नियन्त्रण गर्न प्रविधिमैत्री बन्दै नेपाल प्रहरी



**काठमाडौं–** सामाजिक सञ्जालमार्फत फैलिने मिथ्या सूचना, भ्रामक सूचना, 'डिपफेक', 'हेट स्पिच' तथा साइबर ठगीका घटना बढ्दै गएपछि नेपाल प्रहरीले त्यस्ता गतिविधि नियन्त्रणका लागि प्रविधिमैत्री अनुसन्धान र निगरानी प्रणालीलाई प्राथमिकता दिएको छ ।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले सामाजिक सञ्जालको दुरूपयोगबाट नागरिकबीचको सद्भाव खल्बलिन सक्ने तथा शान्ति सुरक्षामा चुनौती उत्पन्न हुन सक्ने भएकाले त्यसप्रति प्रहरी सचेत रहेको बताए । उनका अनुसार सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुने गलत गतिविधि नियन्त्रणका लागि प्रहरीले आफ्नो जनशक्ति र प्रविधिलाई थप सक्षम बनाउँदै लगेको छ ।

त्यस्ता गतिविधिको निगरानी र अनुसन्धानका लागि साइबर ब्युरोलाई थप साधनस्रोत सम्पन्न बनाउने तथा प्रविधिबारे दक्ष जनशक्ति परिचालन गर्ने तयारी गरिएको उनको भनाइ छ । प्रहरीले 'एडभान्स्ड एनालिटिक्स सेल' मार्फत सामाजिक सञ्जालमा भइरहेका गतिविधिको निगरानीलाई समेत प्रभावकारी बनाउँदै लगेको छ ।

'प्रहरीले सामाजिक सञ्जालमा फैलाइने मिथ्या तथा भ्रामक सूचना, डिपफेक र घृणाजन्य अभिव्यक्तिले सामाजिक सद्भावमा असर पार्न सक्ने भएकाले त्यस्ता सामग्रीको स्रोत पहिचान गरी कानुनी दायरामा ल्याउने कार्यलाई प्राथमिकता दिएको छ,' महानिरीक्षक कार्कीले भने, 'यसका लागि सम्बन्धित सेवा प्रदायक, सरकारी निकाय तथा अन्य सरोकारवाला संस्थासँग समन्वयसमेत गरिएको छ ।'

उनका अनुसार सामाजिक सञ्जालको दुरूपयोगसँगै पछिल्लो समय अनलाइन ठगी पनि प्रहरीका लागि प्रमुख चुनौती बन्दै गएको छ । अनलाइन लोटरी परेको भन्दै ठगी गर्ने, केवाइसी अद्यावधिकका नाममा व्यक्तिगत तथा बैंकिङ विवरण माग्ने, ओटिपी लिएर रकम निकाल्ने तथा विभिन्न प्रलोभन देखाएर आर्थिक ठगी गर्ने घटना बढिरहेकाले त्यसलाई नियन्त्रण गर्न प्रहरी सक्षम हुने उनको विश्वास छ ।

यस्ता अपराध नियन्त्रणका लागि प्रहरीले नागरिक सचेतनासँगै अनुसन्धान र कारबाही अघि बढाएको महानिरीक्षक कार्कीले जानकारी दिए । आफूले चिट्ठा नै नहालेको अवस्थामा चिट्ठा परेको भन्दै आउने सन्देशमा विश्वास नगर्न, अपरिचित व्यक्तिलाई ओटिपी नदिन तथा बैंक वा वित्तीय संस्थाको नाममा फोन आएको भरमा व्यक्तिगत विवरण उपलब्ध नगराउन प्रहरीले आग्रह गर्दै आएको छ ।

महानिरीक्षक कार्कीका अनुसार साइबर ठगी नियन्त्रणका लागि 'एन्टी साइबर स्क्याम सेन्टर' स्थापना गर्ने अवधारणासमेत अघि बढाइएको छ । प्रस्तावित संयन्त्रमा बैंक तथा वित्तीय संस्था, नेपाल राष्ट्र बैंक, प्रहरी र दूरसञ्चार क्षेत्रका प्रतिनिधिबीच समन्वय गरी पीडितले ठगी भएको थाहा पाउनेबित्तिकै तत्काल प्रतिक्रिया दिन सकिने व्यवस्था गरिने उनले जानकारी दिए ।

साइबर ठगीका घटना भएको तत्काल जानकारी प्राप्त गर्न सके आपराधिक मनोवृत्तिका घटना कम गर्न सकिने महानिरीक्षक कार्कीले बताए । यसका लागि विभिन्न माध्यमबाट तत्काल सूचना प्राप्त गर्ने र सम्बन्धित निकायलाई परिचालन गर्ने प्रणाली विकास गरिने उनको भनाइ छ ।

त्यसैगरी प्रहरीले 'इमिडिएट फाइनान्सियल फ्रड रिपोर्टिङ सिस्टम' अर्थात् ई-रिपोर्टिङ प्रणाली विकास गर्ने तयारी गरेको छ । उक्त प्रणालीमार्फत नागरिकले आफू ठगीमा परेको सूचना तत्काल प्रहरीलाई उपलब्ध गराउन सक्ने छन् । सूचना प्राप्त हुनासाथ सम्बन्धित बैंक तथा वित्तीय संस्था, दूरसञ्चार सेवा प्रदायक र प्रहरीबीच समन्वय गरी ठगीबाट भएको आर्थिक क्षति न्यूनीकरण गर्ने लक्ष्य राखिएको छ ।

प्रहरीले साइबर अपराध अनुसन्धानमा अन्तर्राष्ट्रिय सहकार्यलाई पनि प्राथमिकता दिएको छ । सामाजिक सञ्जाल तथा डिजिटल सेवा प्रदायकका धेरैजसो संरचना नेपालबाहिर रहेकाले अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल), विभिन्न मुलुकका प्रहरी तथा सम्बन्धित प्रविधि सेवा प्रदायकसँग समन्वय गरी अनुसन्धान अघि बढाउँदै आएको महानिरीक्षक कार्कीले बताए ।

सामाजिक सञ्जालको दुरूपयोग नियन्त्रणमा प्रविधिको प्रयोग विस्तार गर्ने क्रममा सार्वजनिकस्थलमा जडान गरिएका सर्भिलेन्स क्यामरालाई समेत क्रमशः कृत्रिम बौद्धिकता (एआई) सँग जोड्ने तयारी गरिएको छ । भीडभाड हुने स्थानमा एआईको प्रयोग गरी अनुहार पहिचानलगायतका प्रविधि प्रयोग गर्ने योजना रहेको उनले जानकारी दिए ।

प्रहरीले सामाजिक सञ्जालको दुरूपयोगबाट हुने आपराधिक गतिविधि नियन्त्रण, अनुसन्धान र कानुनी कारबाहीमा जोड दिएको छ । महानिरीक्षक कार्कीले प्रविधिको विकाससँगै अपराधको स्वरूप पनि परिवर्तन भइरहेकाले परम्परागत प्रहरी कार्यशैलीबाट मात्र नयाँ चुनौतीको सामना गर्न नसकिने बताए ।

सामाजिक सञ्जालबाट फैलिने गलत सूचना र अफवाहले नागरिकबीच अविश्वास तथा तनाव सिर्जना गर्न सक्ने भएकाले नागरिकलाई पनि जिम्मेवार ढंगले सामाजिक सञ्जाल प्रयोग गर्न प्रहरीले आग्रह गरेको छ । प्रहरीका अनुसार सूचना प्राप्त हुनेबित्तिकै त्यसको सत्यता जाँच नगरी सामाजिक सञ्जालमा पुनःप्रसारण गर्नु पनि समस्याको एउटा कारण हो । प्रहरीले सामाजिक सञ्जालको जिम्मेवारीपूर्वक प्रयोग गर्नेबारे विद्यालय तहदेखि नै सचेतना विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएको छ । नागरिक, सञ्चारमाध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता, सेवा प्रदायक र सुरक्षा निकायबीचको सहकार्यबाट मात्रै डिजिटल अपराध र दुरूपयोग नियन्त्रण गर्न सकिने प्रहरीको निष्कर्ष छ । *रासस*

# जेन-जी आन्दोलनमा जले १७९ निकायका स्रेस्ता

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** गत वर्ष भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका १७९ निकायको स्रेस्ता जलेको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको मंगलबारको बैठकमा महालेखापरीक्षक तोयम रायले आन्दोलनमा स्रेस्ता क्षति भएका निकायको लेखापरीक्षण हुन नसकेको जानकारी दिए ।

सहमहालेखानियन्त्रक दीपक लामिछानेले जलेका निकायको गोश्वार भौचर सुरक्षित रहेकाले त्यसबाट स्रेस्ता कायम गर्न सकिने बताए । ती निकायले आन्तरिक लेखापरीक्षण गरेर प्रतिवेदन दिएकाले त्यसबाट विषय खुल्ने उनले स्पष्ट पारे । अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्यायले मन्त्रालयअन्तर्गतको राजस्वको कुनै क्षति नभएको र कोष तथा नियन्त्रक कार्यालयको प्रणाली गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा सुरक्षित रहेको बताए ।

बैठकमा आन्दोलनका क्रममा स्रेस्ता नष्ट भई लेखापरीक्षण हुन नसकेका कार्यालयका अनियमिततालाई माफी नदिन सांसदहरूले आग्रह गरेका छन् । सांसद गणेशसिंह ठगुन्नाले लेखापरीक्षण गर्न ती निकायले के पहल गरे त्यसको जानकारी समितिमा आउनुपर्ने बताए ।

सांसद प्रेमलाल चौधरीले जेन-जी आन्दोलन राजनीतिक दुर्घटना भएकाले कानुनीरूपमै लेखापरीक्षण हुन नसकेको विषयलाई समाधान गर्न सकिने बताए । कति निकायले १० दिनसम्मको राजस्व पनि बैंकमा दाखिला गरेको नपाइएकाले त्यसमा जिम्मेवारलाई भने कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा उनले जोड दिए ।

पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनले गत वर्ष भदौ २३ र २४ गतेको घटना कानुनले भनेअनुसार प्राकृतिक प्रकोप र दुर्घटना दुवै नभएकाले यस विषयमा के गर्ने भनी सरकारले नै दृष्टिकोण अघि सार्नुपर्ने बताए । सांसद खगेन्द्र सुनारले करिब डेढ खर्ब क्षति भएको विषयलाई हल्का छलफलका आधारमा छोड्नु नहुने बताए । सांसद महेन्द्रबहादुर शाहीले स्रेस्ता जलेकामध्ये चालु र पुँजीगत कति, कति बजेट थिए भन्ने खोज्नुपर्ने बताए ।

# निशान छापको दुरूपयोग गर्ने एक जना पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरीले अनधिकृत तबरले नेपाल सरकारको निशान छापको दुरूपयोग गर्ने कार्यमा संलग्न रहेको अभियोगमा एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२२ बस्ने रौतहट चन्द्रपुर नगरपालिका-२ घर भएका २९ वर्षीय दीपेन्द्र कर्माचार्य रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए ।

उनका अनुसार निजलाई काठमाडौं महानगरपालिका-२२ टेवहालबाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा निजले नेपाल सरकारको स्वीकृति नलिई आर्थिक लाभ लिने उद्देश्यले सर्वसाधारणलाई झुक्यानमा पारी नेपाल सरकारबाट मान्यता प्राप्त जिपिएस ट्र्याकर डिभाइस रहेको भनी झूटा प्रचारप्रसार गरी व्यावसायिक प्रयोजनको लागि चीनबाट आयात हुने जिपिएस ट्र्याकर डिभाइसमा नेपाल सरकारको निशान छाप राख्न लगाइ, निशान छापको दुरूपयोग गरी जिपिएस ट्र्याकर बिक्री वितरण गरेको खुल्न आएको प्रहरीले जनाएको छ ।

प्रहरीले निजको साथबाट नेपाल सरकारको निशान छाप अंकित ५२ थान जिपिएस ट्र्याकर डिभाइस बरामद गरेको छ । निजलाई थप आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको प्रवक्ता कार्कीले बताए ।


**युएइमा रोजगार** कम्पनी : **THE CLAME CAVE BEAUTY CENTER**

पूर्व स्वीकृति मिति : २०८३/04/२६ | LT. No. 346253 | चलानी नं. ६०२५९५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 0 | 1 | 1800 | ७४,७६१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Receptionist | 0 | 1 | 1800 | ७४,७६१ | | | | | | | |
| 3. | Hair Dresser | 0 | 2 | 1800 | ७४,७६१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३ गते (19th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01-5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९


## जय अम्बे बचत तथा ऋण सहकारी संस्था लि.

दर्ता नं ७४४/०६६/०६७, कुमारीपाटी-५ ललितपुर, फोन नं ०१-५४४७१२८

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३।04।२७**

यस संस्थाबाट तपसीलमा उल्लिखित तपाइ ऋणीले विभिन्न प्रयोजनको लागि कर्जा लिंदाको बखत यस सहकारी संस्था सँग गर्नुभएको शर्त सम्झौता बमोजिम समय समयमा तिर्न, बुझाउनु पर्ने सावाँ, ब्याज तथा हर्जना रकम समेत नतिरी नबुझाइ संस्था सँग गरेको कर्जा सम्बन्धी शर्त, सम्झौता, र कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलको ऋणी र उक्त ऋणमा व्यक्तिगत जमानत दिनु हुने समेतलाई पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जाको सावाँ ब्याज तथा हर्जना रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसीलमा उल्लिखित ऋणी, व्यक्तिगत जमानीकर्ताका नाममा संस्थामा रहेको सम्पूर्ण ऋण र कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज, तथा हर्जना रकम अबिलम्व चुक्ता गर्नु होला । यो सूचना प्रकाशित भएको निर्धारित ३५ दिन भित्र पनि यस संस्थाबाट लिनुभएको ऋणकर्जा वापतको बक्यौता रकमा बुझाउन नआएमा यस सहकारी संस्थाले तपाइ ऋणीबाट कर्जा असूली प्रयोजनार्थ प्रचलित सहकारी ऐन तथा नियमावली तथा यस संस्थाको कर्जा असूली कार्यविधि सम्बन्धि विनियमावलीले दिएको अधिकार प्रयोग गरी तपाइ ऋणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीकर्ताको नाम समेत कालोसूचीमा राख्नको लागि कर्जा सुचना केन्द्र लि. मा सिफारिस गरी कर्जा लिदाको बखत तपाइले लेखि लेखाइदिएको सुरक्षण वापतको चल अचल सम्पति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गर्ने तर्फ आवश्यक कार्वाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै संस्थाको सम्पूर्ण बक्यौता रकम ऋणीको सम्पत्तिबाट असूल उपर नभएमा असूल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम जमानीकर्ताको घर घरानाबाट असूल उपर गरिने व्योहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणी | जमानीकर्ता | धितो सुरक्षणको विवरण |
|---|---|---|
| ललितपुर जिल्ला ल.पु.उप.म.न.पा. वडा नं.४ भइ हाल परिवर्तित ऐ.ल.पु.म.न.पा.वडा नं. ४ जावलाखेल बस्ने विर्जमान गुरूङको नाति निर कुमार गुरूङको छोरा बर्ष ४५ को हितजंग गुरूङ (ना.प्र.नं. १०१११७ जारी मिति २०५६।४।१२ जि.प्र.का.ललितपुर) | ललितपुर जिल्ला ल.पु.उप.म.न.पा. वडा नं.४ भइ हाल परिवर्तित ऐ.ल.पु.म.न.पा. वडा नं. ४, जावलाखेल बस्ने विर्जमान गुरूङको नाति निर कुमार गुरूङको छोरा ऋणीको एकाघरको भाइ चेतन गुरूङ | चासुर गुरूङको नाति विर्जमान गुरूङको छोरा कास्की जिल्ला पोखरा उप.म.न.पा बाझापाटन २ स्थायी ठेगाना भइ हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.४ जावलाखेल बस्ने ऋणी तथा जमानीकर्ताको एकाघरको बाबु निरज कुमार गुरूङको नाममा मालपोत कार्यलय ललितपुर लगनखेलमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उ.न.पा. वडा नं ४ (क) कि.नं. ४३५ को क्षे.फ. ०-८-०-० (२५४.३७ ब.मी.) को घरजग्गा तथा सो मा चर्चेको सम्पूर्ण लिगलगापत समेत |
| ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं.२२ बसोबास गर्ने श्री नारायणचा देउचाको नाति श्री रामचा देउचाको छोरा (ना.प्र.नं.११५३१ जारि मिति २०५९।०३।२८ जि.प्र.का.ललितपुर बस्ने वर्ष ४२ को रवि देउला | **जमानीकर्ता** ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २२ बसोबास गर्ने श्री नारायण पोडेको छोरा (ना.प्र.नं. ४९०२५ जारि मिति २०४७।०५।१७ जि.प्र.का. ललितपुर बस्ने वर्ष ५९ को ऋणीको एकाघरको बुवा रामचा नेपाली **जमानीकर्ता** ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी रामचा नेपालीको श्रीमती (ना.प्र.नं.२२२६१ जारि मिति २०४३।०८।१९ जि.प्र.का. ललितपुर) वर्ष ५९ की ऋणीको एकाघरको आमा शान्ति पोडे | मालपोत कार्यालय ललितपुर लगनखेलमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उ. म.न.पा. वाड नं २२ नक्शा सिट नं २२ को कि.नं.१४१९ को क्षे.फ.०-२-१-० (७१.५३ ब.मी.) को जग्गा तथा सो मा चर्चेको सम्पुर्ण लिगलगापत समेत |
| ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी (ना.प्र.नं.७५५३२ जारि मिति २०५२।०६।०८ जि.प्र.का. ललितपुर) वर्ष ५३ की अनिता पोडे | **जमानीकर्ता** ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री नारायणचा देउचाको नाति श्री रामचा देउचाको छोरा (ना.प्र.नं.११५३१ जारि मिति २०५९।०३।२८ जि.प्र.का. ललितपुर बस्ने वर्ष ४२ को रवि देउला **जमानीकर्ता** ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी रामचा नेपालीको श्रीमती (ना.प्र.नं. २२२६१ जारि मिति २०४३।०८।१९ जि.प्र.का. ललितपुर) वर्ष ५९ की ऋणीको सहोदर दिदी शान्ति पोडे **जमानीकर्ता** ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी (ना.प्र.नं.७०२२१ जारि मिति २०५१।१०।२९ जि.प्र.का. ललितपुर ) वर्ष ४२ की ऋणीको सहोदर बहिनी अनु पोडे **जमानीकर्ता** ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं २२ जन्म स्थान भइ हाल काठमाडौ जिल्ला काठमाडौ उम.न.पा. वडा नं २१ बसोबास गर्ने श्री कान्छा पोडेको नातिनी कालु पोडेको छोरी (ना.प्र.नं.१६५) जारि मिति २०५७।०४।०१ जि.प्र.का.ललितपुर) वर्ष ६१ की ऋणीको सहोदर दिदी ललिता पोडे | मालपोत कार्यालय ललितपुर लगनखेलमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला ल.पु.उ.म.न.पा. वाड नं २२ नक्शा सिट नं २२ को कि.नं.१५६८ को क्षे.फ.०-०-३-१ (२५.८४ ब.मी.) को जग्गा तथा सो मा चर्चेको सम्पुर्ण लिगलगापत समेत |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/१०/०८ मा दर्ता भएको **प्रा. लि. नं. ३२७६८९** को **प्युर ड्रप्स आयल सप्लायर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बागमती प्रदेश सरकार**
**कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय ललितपुर**

### गोलिया काठरदाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/04/२७ गते**

जलस्रोत तथा उर्जा अनुसन्धान केन्द्र गोदावरी न.पा. ३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रूखहरु कटान गरी उत्पादन भएको उत्तिस लगायतका ५९५.९२ क्यु।फि। गोलिया काठ र ०.५ चट्टा दाउरा तथा आ.व. ०८२/८३ मा बरामद गरिएको सल्ला प्रजातिको गोलिया थान ३३० को ८४८.७७ क्यू.फि. काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक उद्योग, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । विस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ।

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना २७ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : बिराटनगर शाखा** — **कर्जा शीर्षक : व्यवसायिक अधिबिकर्ष कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **श्री एम एण्ड एम क्लोथिङ्ग पयालेट** प्रोप्राइटरको नाम : आस्मा चौधरी प्रा.फ.र.नं. : १११०४/०७९/०८० दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय इटहरी, सुनसरी दर्ता मिति : २०७९/०४/०९ रजिष्टर्ड ठेगाना : सुनसरी जिल्ला रामधुनी न.पा. वडा नं. १ स्थायी लेखा नं. : १२४३७३९९४ |
| **प्रोप्राइटरको विवरण** |
| मनेश कुमार चौधरीको छोरी झखन चौधरीको बुहारी कालुराम चौधरीको पत्नी सुनसरी जिल्ला सिंगिया गा.बि.स. वडा नं. ९ हाल, रामधुनी न.पा. वडा नं. १ बस्ने **आस्मा चौधरी** (ना.प्र.नं. : ०६१०३३/१७०००३ जारी मिति र जिल्ला : २०६८/०५/०६, सुनसरी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) मनेश कुमार चौधरीको छोरी झखन चौधरीको बुहारी कालुराम चौधरीको पत्नी सुनसरी जिल्ला सिंगिया गा.बि.स. वडा नं. ९ हाल, रामधुनी न.पा. वडा नं. १ बस्ने **आस्मा चौधरी** (ना.प्र.नं. : ०६१०३३/१७०००३ जारी मिति र जिल्ला : २०६८/०५/०६, सुनसरी) |
| २) सुकाई चौधरीको नाति झखन चौधरीको छोरा सुनसरी जिल्ला भादगाउँ सिनुवारी वडा नं. ६ हाल, रामधुनी न.पा. वडा नं. १ बस्ने **कालुराम चौधरी** (ना.प्र.नं. : १११६३१ जारी मिति र जिल्ला २०६३/०३/२९, सुनसरी) |
| ३) गोदु चौधरीको छोरी सुकाई चौधरीको बुहारी झखन चौधरीको पत्नी सुनसरी जिल्ला भा.सि. वडा नं. ६ हाल, रामधुनी न.पा. वडा नं. १ बस्ने **उर्मिला देवी चौधरी** (ना.प्र.नं. : ४/३० जारी मिति र जिल्ला : २०४६/०३/०२, सुनसरी) |

**२) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| मनरथ वास्तोलाको नाति पोक प्रसाद वास्तोलाको छोरा झापा जिल्ला बाहुनडागी वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. ३ बस्ने **मोहन बाँस्तोला** (ना.प्र.नं. : ०४१००१/१३६४ जारी मिति र जिल्ला : २०६७/०५/१३, झापा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) हिरालाल वास्तोलाको नाति मनरथ वास्तोलाको छोरा सोलुखम्बु जिल्ला सल्यान वडा नं. २ हाल, झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ३ बस्ने **पोक प्रसाद वास्तोला** (ना.प्र.नं. : ३६६०/२२३४ जारी मिति र जिल्ला : २०४३/११/०७, सोलुखम्बु) |
| २) मिख प्रसाद खतिवडाको छोरी पोक प्रसाद वास्तोलाको बुहारी मोहन वास्तोलाको पत्नी झापा जिल्ला मेचिनगर न.पा वडा नं. ३ बस्ने **डम्बर कुमारी बास्तोला** (ना.प्र.नं. : ०४-१२-७४-००१२६ जारी मिति र जिल्ला : २०७४/०४/२६, झापा) |
| ३) मुक्तिनाथ पोखरेलको नाति तुलसिराम पोखरेलको छोरा झापा जिल्ला बाहुनडागी वडा नं. ५ हाल, मेचीनगर न.पा. वडा नं. ३ बस्ने **वेदमणि पोखरेल** (ना.प्र.नं. : ०५३११४०२ जारी मिति र जिल्ला : २०५९/०२/२२, झापा) |

**३) शाखा कार्यालय : धादिङबेसी शाखा** — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| राम सिंह तामाङको नाति नर बहादुरको छोरा धादिङ जिल्ला खाल्टे वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. १ बस्ने **दुर्गा बहादुर तामाङ** (ना.प्र.नं. २५७५/२१/१४१०/१४१०/०४०/४१ जारी मिति र जिल्ला : २०४१/०२/०८, धादिङ) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नर बहादुर तामाङको नाति दुर्गा बहादुर तामाङको छोरा धादिङ जिल्ला खाल्टे वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. १ बस्ने **विवराम तामाङ** (ना.प्र.नं. : २/८०१७ जारी मिति र जिल्ला : २०६१/०२/१८, धादिङ) |
| २) आशाराम तामाङको बुहारी डोलराम तामाङको पत्नी धादिङ जिल्ला खाल्टे गा.बि.स. वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. १ बस्ने **निश्मा तामाङ** (ना.प्र.नं. : २६-०१-७३-०७५६१ जारी मिति र जिल्ला : २०७३/०७/०९, धादिङ) |

**४) शाखा कार्यालय : ईनरुवा शाखा** — **कर्जा शीर्षक : साना व्यक्तीगत कर्जा**

| ऋणीको विवरण |
|---|
| सुन्दर लाल यादवको छोरी फुलचन यादवको बुहारी हरिश्चन्द्र यादवको पत्नी मोरङ्ग जिल्ला टंकी सिनवारी वडा नं. ४ हाल, सुनसरी जिल्ला गढि गा.पा. वडा नं. २ बस्ने **दुर्गा यादव** (ना.प्र.नं. : ४४९१६ जारी मिति र जिल्ला : २०५६/०६/१२, मोरङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) फनि यादवको नाति फुलचन यादवको छोरा मोरङ्ग जिल्ला टंकी सिनवारी वडा नं. ४ हाल, सुनसरी जिल्ला गढि गा.पा. वडा नं. २ बस्ने **हरिश्चन्द्र यादव** (ना.प्र.नं. : ९३८८ जारी मिति र जिल्ला : २०५०/१०/०५, मोरङ्ग) |
| २) रबी यादवको नाति झमेली यादवको छोरा सुनसरी जिल्ला गढि गा.पा वडा नं. २ बस्ने **बाबुलाल यादव** (ना.प्र.नं. : ०६-०१-७५-०८४८६ जारी मिति र जिल्ला : २०७५/०९/०३, सुनसरी) |

**५) शाखा कार्यालय : ईनरुवा शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| फनि यादवको नाति फुलचन यादवको छोरा मोरङ्ग जिल्ला टंकी सिनवारी वडा नं. ४ हाल, सुनसरी जिल्ला गढि गा.पा. वडा नं. २ बस्ने **हरिश्चन्द्र यादव** (ना.प्र.नं. : ९३८८ जारी मिति र जिल्ला : २०५०/१०/०५, मोरङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| सुन्दर लाल यादवको छोरी फुलचन यादवको बुहारी हरिश्चन्द्र यादवको पत्नी मोरङ्ग जिल्ला टंकी सिनवारी वडा नं. ४ हाल, सुनसरी जिल्ला गढि गा.पा. वडा नं. २ बस्ने **दुर्गा यादव** (ना.प्र.नं. : ४४९१६ जारी मिति र जिल्ला : २०५६/०६/१२, मोरङ्ग) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कूटनीतिमा बदलिएका वालेन्द्र

**एउटा उक्ति छ, मित्र फेर्न सकिन्छ तर छिमेकी फेर्न सकिँदैन । नेपाल त झनै चीन र भारतजस्ता शक्तिशाली छिमेकीको चेपुवामा रहेको मुलुक हो । दक्षिणमा रहेको भारत नेपालको गेटवेजस्तै हो । नेपाल भित्रने आधारभूत उपभोग्य वस्तु भारत भएरै आउँछ । अर्को शक्तिशाली मुलुक चीन उत्तरमा छ । पछिल्लो समय चीनले नेपालमा आफ्नो व्यापार तीव्र रूपमा बढाएको छ ।**

**वैदेशिक रोजगारी बढेसँगै नेपाल चीन र भारतसँग थप परनिर्भर हुने क्रम बढेको छ । यसले नेपाललाई यी दुई देशसँगको सम्बन्ध अझ प्रगाढ बनाउनुपर्ने छ भने बिगार्नतिर लाग्न त हुँदै भएन । तर नेपालको अस्थिर सत्ता राजनीति, नौ महिनादेखि दुई वर्षभित्रमा फेरिने सत्ता नेतृत्वका कारण दुई देशसँगमात्र नभएर अन्य मुलुकसँगको कूटनीति पनि धुमिल हुने क्रममा छ ।**

**प्रधानमन्त्री बनेका बेला तानाशाही शैलीमा उत्रिएका थिए एमाले अध्यक्ष केपी शर्मा ओली । ओली भारतसँग क्षुद्र व्यवहार गर्न पनि पछि पर्दैनथे । अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को शक्तिशाली सरकार छ । यसको नेतृत्वमा छन् वालेन्द्र शाह । उनलाई कूटनीतिमा ओलीकै 'प्रोम्याक्स भर्सन'का रूपमा चिनिन्छ । चीन र भारतका कूटनीतिज्ञसँग बोल्न भेट्नसमेत नरुचाउने वालेन्द्र पछिल्लो समय भने लचक देखिन थालेका छन् ।**

**सत्तामा एक्लिन थालेपछि वालेन्द्रले सोमबार भारत र चीनका राजदूतसँग फरक–फरक समयमा एक्लाएक्लै भेट गरे । यो वालेन्द्रको आफ्नै अडानको 'ब्रेक' हो । दुई शक्तिशाली मुलुकसँग आयातमा परनिर्भर बन्दै गरेको नेपालले उनीहरूसँग 'स्टन्ट' देखाउनु हदैसम्मको कमजोरी हो । जसका कारण नेपालमा कुनै पनि बेला संकट आइपर्न सक्छ ।**

**खराब कूटनीतिकै कारण देशको आर्थिक अवस्था निकै संकटमा फस्दै गएको उद्योगीहरूले बताउँदै आएका छन् । यसले उद्योगीमात्र हैनन् सर्वसाधारणसमेत त्रासमा थिए, कतै सरकारले दुई देशसँग सम्बन्ध बिगारेर नेपालमा थप संकट भित्र्याउने त हैन ? तर यो त्रासकाबीच प्रधानमन्त्री शाहले आश देखाउनेगरी कूटनीतिक भेटघाट बाक्लो बनाएका छन् ।**

**यसले कूटनीतिक क्षेत्रमा सकारात्मक सन्देश गएको छ । सर्वसाधारणमा एक किसिमको उत्साह सञ्चार भएको छ । यो उत्साह नेपालीमामात्र हैन भारत र चीनको कूटनीतिक नियोगमासमेत पुगेको छ । शासनसत्तामा बस्नेहरू तानाशाही बन्नुभन्दा मिलाएर जानसक्ने खालको हुनुपर्छ । यसका लागि वालेन्द्रले ढिलै भए पनि बुझेकोमा धन्यवाद दिनुपर्छ । देशका हितका लागि एक कुशल शासकले कूटनीतिक चाल चाल्न सक्नुपर्छ । यसो भएमा जनताले दुःख पाउँदैनन् र दीर्घकालीन असर पार्ने खालका सन्धि सम्झौताका सिकारसमेत बन्नु पर्दैन ।**

# नारामा सीमित नीति, पलायन हुन बाध्य युवा



❑ मनोहर कार्की

> "मुलुकको विकासको ऊर्जा वा शक्ति युवालाई उत्साहित, प्रोत्साहित र उद्यमी बनाउने खालका ठोस कार्यक्रम ल्याउन सकिएको छैन । युवालाई सीपसँग जोड्ने, रोजगारीसँग गाँस्ने, उद्यमी बनाउने तथा नवप्रवर्तनका क्षेत्रमा प्रोत्साहन गर्ने, खेलकुद र अन्तर्राष्ट्रियता भावनाको विकास गर्ने दिशामा राष्ट्रिय युवा परिषद्ले केही गर्नुपर्‍यो । मुलुकको सक्रिय जनसंख्या युवा हुन् । यिनीहरूको सीप र ज्ञानको भरपुर उपयोग गरिनुपर्दछ । हजारौं युवा रोजगारीका लागि विदेश पलायन हुनु ठूलो चुनौती हो ।

विश्वमञ्चमा युवाका आवश्यकता, समग्र विकास र परिवर्तनका दिशामा युवाको भूमिकालाई सम्बोधन गर्ने दिशामा कार्य हुनुपर्दछ । विकास र परिवर्तनतर्फका साझा प्रयास र वर्तमानका चुनौतीलाई सामना गर्नेतर्फ विश्वमञ्चको दृष्टिकोण कुनै न कुनै रूपमा युवाप्रति लक्षित भएको नै छ । विश्वको दोस्रो आर्थिक शक्ति चीन तथा उदाउँदो ठूलो अर्थतन्त्रको निकट छिमेकी मुलुक भारतका विकास र समृद्धिका अजस्र सम्भाव्यताबाट लाभ लिनसक्ने मुलुक हो । विज्ञानका नविनतम् खोज, अनुसन्धान तथा प्रविधिको उपयोग विकास र रूपान्तरणमा युवाको आवश्यकताबोध गर्ने आधार हो ।

अन्तर्राष्ट्रिय युवा दिवसको थालनी सन् १९९८ को अगस्टमा पोर्चुगलको राजधानी लिस्बनमा आयोजित विभिन्न देशका युवा मन्त्रालय हेर्ने मन्त्रीहरूको विश्व सम्मेलनले सर्वसम्मतरूपमा सुझावसहित पारित गरेको प्रस्तावका सुझावका आधारमा सन् १९९९ को डिसेम्बरमा भएको संयुक्त राष्ट्रसंघको साधारणसभाले सर्वसम्मतरूपमा पारित गरेको प्रस्तावअनुसार प्रत्येक वर्षको अगस्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसको रूपमा मनाउँदै आइएको छ । यस दिवसलाई सार्थकता दिन युवालाई उद्यमशीलता, नवप्रवर्तन, विकासमा साझेदारीजस्ता क्षेत्रमा युवाको भूमिका र समुदायका आवश्यकता परिपूर्तिमा तिनका योगदानलाई बढावा दिने ध्येयका सन्देश प्रवाह गर्नुछ ।

## विश्वमञ्च र युवा

युवाका आयामिकता र विषयलाई सम्बोधन गर्ने गरी सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ मा अन्तर्राष्ट्रिय युवा दिवस संयुक्त राष्ट्रसंघले सुरू गरेपश्चात् नेपालमा पनि सरकारीस्तरमा वि.सं. २०७३ देखि औपचारिकरूपमा यो दिवस युवालक्षित विविध कार्यक्रम गरी मनाउँदै आइएको छ । विद्यमान युवा नीतिमा निकै हदसम्म युवा विकास तथा रोजगारमूलक जनशक्तिलाई स्वदेशमा उपयोग गर्ने दिशामा राम्रा तथा सारभूत कार्यक्रमलाई कार्यान्वयन गर्न सकिएको खण्डमा रोजगार, सीप आर्जन तथा अध्ययनका लागि बर्सेनि लाखौं युवा विदेशमा जाने, हजारौं युवा जनशक्ति पलायन हुने परम्परालाई निरुत्साहित गर्न सकिन्थ्यो कि ?

अन्तर्राष्ट्रिय परिवेशमा युवाको पहिचान र राष्ट्र निर्माणको महाअभियानमा युवाको योगदानलाई विश्वमञ्चले विशेष प्राथमिकतामा राखेर युवा वर्गको विकास, उनीहरूका सीप र ज्ञान तथा नवीनतम् प्रविधिमैत्री कार्यक्षमताको यथोचित् उपयोग र विकासको अभियानमा उनीहरूलाई पहिलो प्राथमिकतामा राखी नवनिर्माण र समृद्धिको ढोका खोल्नुपर्दछ भन्ने मान्यताले विशेष महत्त्व राख्यो । संयुक्त राष्ट्रसंघलगायत विश्व युवा संघले युवा वर्गको विकास र उनीहरूमा अन्तरनिहित अजस्र कार्य शक्ति र क्षमताको अधिकतम उपयोग तथा सकारात्मक सोच र चिन्तनको संस्थागत विकास गरी समृद्ध र शान्तिपूर्ण विश्व निर्माणमा विश्वका सकल युवा वर्ग लक्षित कार्यक्रमको समन्वयात्मक र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो ।

विकास र परिवर्तनतर्फका साझा प्रयास र हामीबीच अंकुर भएका यावत् चुनौतीलाई सामना गर्ने दिशामा विश्वमञ्चको दृष्टिकोण कुनै न कुनै रूपमा हाम्रा युवाप्रति लक्षित भएको नै छ । नेपालले पनि अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता र मुलुकको विकासमा युवाको भूमिकालाई मध्यनजर राखी कार्य वातावरण संस्थागतरूपमा राष्ट्रिय युवा परिषद् तथा समान प्रकृतिका संस्थाको नेतृत्वका कार्य थालनी गरिए पनि त्यसको प्रभावकारिता र विकासको मूल प्रवाहमा नेपाली युवालाई समाहित गर्ने अभियानतर्फ अझ धेरै गरिनुपर्ने देखिन्छ ।

## युवा तथा रोजगारीको वातावरण

युवाको पेचिलो समस्याका रूपमा रोजगार तथा आर्जित सीप र ज्ञानको यथोचित् उपयोगको वातावरण निर्माण नै हो । नेपाली युवा रोजगारीका लागि बर्सेनि हजारौंका संख्यामा मध्यपूर्वका खाडी मुलुक, मलेसिया तथा दक्षिण कोरिया, पूर्वी युरोपका गन्तव्य मुलुकमा कृषि, औद्योगिक, निर्माण तथा सेवा क्षेत्रमा रोजगारीका लागि गइरहेका छन् । यस्ता रोजगारीका गन्तव्य मुलुकमा गइरहेका युवाको रोजगारीको ग्यारेण्टी, तलब र ज्यालाको न्यायोचित व्यवस्थापन, सुरक्षाको प्रत्याभूति र कार्यस्थलमा दुर्घटना भएमा यथोचित् उपचारको व्यवस्थाका लागि नेपाल सरकारको सम्बन्धित निकायले जुन तदारुकताका साथ कार्य गर्नु पर्दथ्यो त्यसअनुसार कार्य गर्न नसकिएको व्यापक गुनासो छ । यस्ता यावत् विषय र प्रसंगमा सम्बन्धित देशमा कार्यरत राजदूतावास, श्रम सहचारीलगायतका निकायको ध्यान पुग्नुपर्दछ । नागरिकको सुरक्षित कार्य वातावरण, सेवा सुविधाको न्यायोचित वितरणलगायतका क्षेत्रमा सम्बन्धित सरकारी निकायले स्पष्ट कार्यनीतिक योजनाअनुसार अन्य सरोकारवाला निकायसँगको सहकार्यमा परिणाममुखी कामको अपेक्षा गरिएको छ ।

नेपालको सन्दर्भमा युवालाई विकासको साझेदारी र परिवर्तनको सम्वाहकका रूपमा महत्त्व दिएर युवाकेन्द्रित कार्यक्रमलाई सरकारको नीतिगत कार्यक्रममा पनि समावेश गरिएको छ । नेपालका युवाहरूको विकास तथा उनीहरूमा रहेका सिर्जनशीलता, ऊर्जा र विकासमा पुर्‍याउनसक्ने योगदानको सम्भाव्यतालाई मनन गरी केही वर्षअघि नै तत्कालीन युवा तथा खेलकुद मन्त्रालयले संस्थागतरूपमा युवाकेन्द्रित कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो । तर ती युवालक्षित कार्यक्रमहरू सोचेजस्तो प्रभावकारी हुन सकेनन् । कार्यान्वयनका दिशामा भए गरेका कमी कमजोरीको मिहीन समीक्षा गरी आगामी कार्यक्रममा निखारता ल्याउन सक्नुपर्दछ । सरकारीस्तरमा नै युवा तथा खेलकुद मन्त्रालयको अगुवाइमा विगतका वर्षहरूदेखि नै युवालक्षित कार्यक्रमहरू अघि नबढेका होइनन् । विकासको मेरुदण्डका रूपमा रहेका युवाहरूको समयानुकूल विकास र तिनका सीप, शिक्षा तथा ज्ञानको ठोस रूपान्तरण सन्दर्भमा सरकारी निकायले आफ्ना

**सन्दर्भः अन्तर्राष्ट्रिय युवा दिवस**

कार्यक्रम तथा नीतिगत योजनामा युवालक्षित कार्यक्रमलाई यथोचित् बजेट विनियोजन, रोजगारीका अवसरको सिर्जना तथा उद्यमशील जनशक्ति निर्माणका दिशामा सार्थक प्रयास हुने थियो । पछिल्लो जनगणना २०७८ को तथ्यांकअनुसार युवा जनशक्ति भएका विश्वका उच्च स्थानका मुलुकमा नेपाल पनि अग्रपंक्तिमा पर्दछ । लाखौं युवा जनशक्तिको उचित र सम्मानजनक परिचालन र राष्ट्र निर्माणमा अवसरको सिर्जनामा वर्तमान गठबन्धन सरकारले प्राथमिकताका साथ कार्य गरोस् । युवाका भरोसा परालको त्यान्द्रोजस्तो नहोस् ।

सर्जनशीलता, ऊर्जा र मुलुकको समृद्धि तथा २१औं शताब्दीको चुनौती समाना गर्न सक्ने जनशक्ति युवा हो । रोजगारीका अवसरको सिर्जना तथा स्वावलम्बी र उद्यमशील युवा जनशक्ति निर्माणका दिशामा निरन्तरता पाउन सकेको खण्डमा विकसित र समृद्ध नेपाल बनाउन सकिन्छ । नवप्रवर्तनकारी, सिर्जनात्मक सोच, उद्यमशील कर्मजीवि युवा जमातलाई मुलुक निर्माणको अभियानमा अघि बढाऔं । मुलुकले विकास र समृद्धि तथा रचनात्मक चिन्तन, सोच, भविष्यद्रष्टा ऊर्जावान् युवाको कार्य वातावरण र निर्माणात्मक अवधारणा बोकेका युवाका सीप र जाँगरको मुलुक निर्माणको महाअभियानमा समाहित हाम्रो ध्येय हुनुपर्छ । इमान्दार, कर्मशील तथा मुलुकको माटोलाई आत्मसात् गर्ने युवाशक्तिको परिचालन गरौं । नवनिर्माणको अभियानको संस्थागत विकास खोजेको छ । फितलो प्रवृत्ति र कार्य वातावरणले मुलुक उँभो लाग्दैन । युवालाई दायित्वबोध गर्ने वातावरण राज्यले निर्माण गरिदियोस् ।

मुलुकको विकासको ऊर्जा वा शक्ति युवालाई उत्साहित, प्रोत्साहित र उद्यमी बनाउने खालका ठोस कार्यक्रम ल्याउन सकिएको छैन । युवालाई सीपसँग जोड्ने, रोजगारीसँग गाँस्ने, उद्यमी बनाउने तथा नवप्रवर्तनका क्षेत्रमा प्रोत्साहन गर्ने, खेलकुद र अन्तर्राष्ट्रियता भावनाको विकास गर्ने दिशामा राष्ट्रिय युवा परिषद्ले केही गर्नुपर्‍यो । मुलुकको सक्रिय जनसंख्या युवा हुन् । यिनीहरूको सीप र ज्ञानको भरपुर उपयोग गरिनुपर्दछ । हजारौं युवा रोजगारीका लागि विदेश पलायन हुनु ठूलो चुनौती हो । युवाका मागलाई सम्बोधन गरौं, यहीं काम, दाम र सम्मानको परम्परालाई संस्थागत गरौं । सरोकारवाला निकायको चुस्त समन्वय र सहकार्य रहोस् । सहयोगका क्षेत्र विस्तार गरेमा केही परिवर्तनको आभाष पाउन सकिन्छ ।

विकसित देशका युवाका आवश्यकता तथा अतिकम विकसित एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी देशका युवाको आवश्यकताको पहिचान तथा विद्यमान विश्व व्यवस्थामा तिनका क्षेत्रगत समस्यालाई सम्बोधन गरिएको पाइन्छ । संयुक्त राष्ट्रसंघलगायतका निकायको प्रयासमा सम्बन्धित देशले युवा विकास तथा युवा परिचालन नीतिगत कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने दिशामा प्रभावकारी काम गर्न विलम्ब गरिनु हुँदैन । साझा प्रयास र प्रतिबद्धता आजको आवश्यकता हो । भोलिको सुन्दर भविष्यको कोरा कल्पनामामात्र हामीले हाम्रो शक्ति र ऊर्जा खर्च गर्ने समय छैन ।

युवा नीति-२०७२, युथ भिजन-२०२५ तथा अन्तर्राष्ट्रिय कानुन र युवालक्षित मुद्दा कार्यान्वयनले सोचेजस्तो व्यावहारिक कसीमा आउन नसकेको भोगाइ छ । युवालक्षित नीति तथा कार्यक्रमले युवामा आशा र भरोसा दिन सकेको छैन । युवा र २१औं शताब्दीका चुनौतीलाई सम्बोधन गर्ने दिशामा ठोस कदम चाल्न नसकिनु विडम्बना हो । नेपालका युवाहरूमा देखिएको विकराल समस्या लागुपदार्थ दुर्व्यसन, बेरोजगारीलगायतका समस्याको पेचिलो सम्बोधन र यस्ता समस्याको दिशामा कार्यक्रम परिलक्षित हुनुपर्दछ । जसका लागि विद्यालयस्तरदेखि नै खेलकुद तथा स्वस्थ मनोरञ्जन र युवाहरूलाई नवीन सिर्जनात्मक कार्यमा लगाउने दिशामा सम्बन्धित निकायको ध्यान पुग्नुपर्दछ । युवालाई विकास तथा सिर्जनाका क्षेत्रमा अभिमुख गर्न उनीहरूको मनोवल उच्च राख्ने सवालमा सरोकारवाला निकायले युवामैत्री वातावरण बनाउने कार्यको प्रभावकारिता पनि हो ।

प्रचलित युवा नीतिको सवल कार्यान्वयन गरे एक हदसम्म रोजगार, सीप आर्जन तथा अध्ययनका लागि बर्सेनि हजारौं युवा विदेशमा जाने, सयौं युवा जनशक्ति पलायन हुने परम्परालाई निरुत्साहित गर्न सकिन्थ्यो कि ? युवा दिवस मनाउनुले सार्थकता पाउने थियो । युवा परिवर्तनका सम्वाहक हुन्, परिवर्तनका अनुयायी र 'चेञ्ज मेकर'को रूपमा नेपाली युवालाई राष्ट्र निर्माणको मूलधारमा ल्याउने दिशामा जुझारु र क्रियाशील बनाउन ठोस कार्यक्रमले अवश्य पनि मद्दत गर्ने छ । हाम्रा इच्छाशक्ति, कार्ययोजना तथा युवालक्षित कार्यक्रमको कार्यान्वयन अनिवार्य सर्त रहला । साझा चिन्तन, नवीनतम् आयाम र इच्छाशक्तिको प्रयोग हुनु छ ।

युवा परिवर्तनका सम्वाहक हुन् । परिवर्तनका अनुयायी र प्रवर्द्धनकर्मीका रूपमा लिइएका र नेपाली युवाले अझ धेरै गर्नुपर्ने समय आएको छ । राष्ट्र परिवर्तनको मूलधारमा ल्याउने दिशामा हाम्रा युवालाई जुझारु र क्रियाशील बनाउन सकिन्छ । जसका लागि इच्छाशक्ति, स्पष्ट कार्ययोजना तथा युवालक्षित कार्यक्रमको योजनाबद्ध कार्यान्वयनमा सबैको समान दायित्वबोध हुनुपर्दछ । हाम्रो साझा चिन्तन र मनन यसै दिशातर्फ परिलक्षित हुनुपर्दछ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

## पाठक मञ्च

# प्रधानमन्त्रीको कूटनीतिक 'ब्रेक': अडानबाट यथार्थवादतर्फ

आफ्नै अडान तोड्दै प्रधानमन्त्री वालेन्द्र शाहले भारतीय र चिनियाँ राजदूतसँग एक्लाएक्लै भेटवार्ता गरेको विषयमा चर्चा परिचर्चा जारी छ । देशको कार्यकारी प्रमुखले लिने कूटनीतिक रणनीति, उनले अपनाउने कार्यशैली र त्यसले राष्ट्रको सार्वभौमिकता तथा वैदेशिक सम्बन्धमा पार्ने दूरगामी प्रभावबारे नागरिकस्तरमा निरन्तर बहस हुनु जीवन्त प्रजातन्त्रको सुन्दर पक्ष हो । यसै सन्दर्भमा, प्रधानमन्त्री शाहको हालैको कूटनीतिक व्यवहारमा आएको परिवर्तनलाई लिएर एउटा सचेत नागरिकका रूपमा आफ्ना विचारहरू राख्ने प्रयास गरेको छु ।

काठमाडौं महानगरपालिकाको मेयर छँदादेखि नै 'ग्रेटर नेपाल' को नक्सा कार्यकक्षमा राख्ने, वैदेशिक हस्तक्षेपको खण्डन गर्ने र कूटनीतिमा चरम पारदर्शिताको पक्षपोषण गर्दै विदेशी कूटनीतिज्ञहरूसँग सामूहिक भेटघाटमात्र गर्ने अडान शाहले लिँदै आएका थिए । सुरुआती चरणमा उनको यो अडानले आम जनतामाझ ठूलो प्रशंसा बटुलेको थियो । दशकौंदेखि सिंहदरबारका शक्ति केन्द्रहरूमा विदेशी कूटनीतिज्ञहरूको अवाञ्छित र अपारदर्शी सघन आउजाउ देखेका नेपाली नागरिकहरूका लागि शाहको उक्त कदमलाई सकारात्मक रूपमा लिइएको थियो । तर, राजनीति र अन्तर्राष्ट्रिय सम्बन्ध केवल लोकप्रिय नारा र कठोर अडानमामात्र सीमित रहन सक्दैन भन्ने यथार्थ अहिले पुष्टि भएको छ ।

हालै प्रधानमन्त्री शाहले आफ्नै पूर्वघोषित अडानमा 'ब्रेक' लगाउँदै भारतका राजदूत नवीन श्रीवास्तव र चीनका राजदूत झाङ माओमिङसँग सिंहदरबारमा एक्लाएक्लै भेटवार्ता गरे । यस कदमलाई कसैले अडानबाट पछाडि हटेको वा लचिलो बनेको भनी आलोचना गर्न सक्छन् भने कसैले यसलाई 'कूटनीतिक परिपक्वता' को रूपमा व्याख्या गर्न सक्छन् । मेरो विचारमा, कूटनीति भनेको हठ वा जडता होइन, यो त राष्ट्रिय हितलाई केन्द्रमा राखेर बदलिन सक्ने गतिशीलता हो । सिद्धान्त र अडान आफ्नो ठाउँमा उच्च र आदरणीय हुन्छन्, तर देश सञ्चालनको व्यावहारिक धरातलमा कूटनीतिक सम्झौता र संवाद अनिवार्य सर्त हुन् ।

यसअघि वैदेशिक प्रतिनिधिहरूसँग एक्लै भेट्न नमान्ने अडानकै कारण छिमेकी भारतका विदेशसचिव विक्रम मिश्रीको नेपाल भ्रमण रद्द हुनु, अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुर, अमेरिकी राष्ट्रपति ट्रम्पका विशेष दूत सर्जियो गोर तथा उपविदेशमन्त्री सारा बी रोजर्सजस्ता उच्चपदस्थ वैदेशिक पहुनाहरूसँग भेटघाट नहुनुले नेपालको अन्तर र्राष्ट्रिय सम्बन्धमा निश्चितरूपमा केही चिसोपन ल्याएको थियो । साना र भू-राजनीतिक दृष्टिले संवेदनशील देशहरूका लागि विदेशी मित्रराष्ट्रहरूसँगको उच्चस्तरीय संवादको ढोका बन्द गर्नु कुनै पनि दृष्टिकोणबाट बुद्धिमानी मान्न सकिँदैनथ्यो । छिमेकीहरू र विकास साझेदारहरूसँग निरन्तर संवादमा रहनु नै नेपालको दीर्घकालीन हितमा छ ।

नेपालको विशिष्ट भू-राजनीतिक अवस्थालाई विचार गर्दा, हाम्रा दुई ठूला छिमेकी मुलुकहरू भारत र चीनसँगको सम्बन्ध आपसी विश्वास, निरन्तर संवाद र सहकार्यमा आधारित हुनुपर्छ । प्रधानमन्त्री शाहले सिंहदरबारमा भारतीय र चिनियाँ राजदूतहरूलाई छुट्टाछुट्टै भेटेर द्विपक्षीय हित, व्यापार, पर्यटन, पूर्वाधार विकास र ऐतिहासिक सम्बन्ध सुदृढ बनाउने विषयमा गरेको फलदायी छलफल पक्कै पनि स्वागतयोग्य छ । भारत र चीन दुवैसँग समदूरी र सन्तुलित सम्बन्ध कायम राख्नु नेपालको परराष्ट्र नीतिको मूल खम्बा हो । यी दुवै छिमेकीसँग व्यक्तिगत तथा खुला संवादको वातावरण बनाउनुले वैदेशिक सहयोग र लगानीका सम्भावनाहरूलाई पुनः जीवित बनाएको छ ।

तसर्थ, प्रधानमन्त्री शाहले आफ्नो पुरानो अडान तोडेकोमा आलोचना गर्नुभन्दा पनि उनले कूटनीतिक यथार्थवादलाई स्वीकार गर्दै देशको विकास र समृद्धिका लागि व्यावहारिक कदम चालेको रूपमा यसलाई बुझ्नुपर्छ । पारदर्शिता र भ्रष्टाचारमुक्त शासनको पक्षमा उभिनु अति उत्तम कुरा हो, तर पारदर्शिताको नाममा कूटनीतिक ढोकाहरू नै बन्द गर्नु प्रत्युत्पादक हुन सक्छ । आगामी दिनमा प्रधानमन्त्रीले आफ्ना नीतिहरूमा राष्ट्रिय हित, पारदर्शिता र कूटनीतिक परिपक्वताबीच उचित सन्तुलन कायम राख्दै अघि बढ्ने छ भन्ने आशा र विश्वास व्यक्त गर्दछु ।

**- विष्णु पाठक**
टोखा, काठमाडौं



**गथांमुग: पर्व** | गथांमुगः चह्रे पर्वका अवसरमा मंगलबार भक्तपुरको मध्यपुर थिमिका स्थानीयवासीले बालकुमारी क्षेत्रमा बनाएको नर्कटको घण्टाकर्ण (गथांमुगः) तानेर हनुमन्ते खोलातर्फ लैजाँदै । *तस्बिरः रासस*

# गोसाइँकुण्ड मेला व्यवस्थापन तयारी सुरू

**रसुवा–** जनैपूर्णिमाका दिन पवित्र तीर्थस्थल गोसाइँकुण्डमा हरेक वर्ष लाग्ने धार्मिक मेलालाई सहज र सफल बनाउनेक्रममा ११ वटा उपसमिति गठन भई व्यवस्थापकीय काम सुरु भएको छ । लाङटाङ राष्ट्रिय निकुञ्जको अगुवाइमा सरसफाइ तथा वातावरण संरक्षण, स्वयंसेवक परिचालन, स्वास्थ्य सेवा, प्रचारप्रसार, यातायात व्यवस्थापन, आर्थिक, समन्वय तथा आन्तरिक व्यवस्थापन, सुरक्षा, दररेट निर्धारण समितिलगायत ११ वटा समिति गठन भएसँगै तयारीको काम सुरु भएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आगामी भदौ १२ गते जनैपूर्णिमाका अवसरमा लाग्ने प्रसिद्ध धार्मिक तीर्थ गोसाइँकुण्ड मेला भर्न आउने श्रद्धालु भक्तजनको यात्रा सहज, सफल र सुरक्षित बनाउने उद्देश्यले गठन भएका उपसमितिहरूले काम सुरु गरेका छन् । यसैगरी स्थानीय तह र समुदाय, सुरक्षा निकाय, स्वास्थ्य संस्थाबीच समन्वयसहित सहकार्य भइरहेको छ ।

धार्मिक पैदलमार्गको मर्मतसम्भार तथा सरसफाइ, होटल तथा लजको सुदृढीकरण, खाना–नास्ता र खानेपानीको व्यवस्थापन, स्वास्थ्य शिविर सञ्चालनसहित उद्धार तथा राहत व्यवस्थापनसँग सम्बन्धित काम अघि बढेको गोसाइँकुण्ड गाउँपालिका–६ का वडाध्यक्ष दावासिदार तामाङले जानकारी दिए । लेक लाग्ने समस्यालाई मध्यनजर गर्दै अक्सिजनसहितको चिकित्सक टोली गोसाइँकुण्डमा तैनाथ गरिने भएको छ ।

> धार्मिक पैदलमार्गको मर्मतसम्भार तथा सरसफाइ, होटल तथा लजको सुदृढीकरण, खाना–नास्ता र खानेपानीको व्यवस्थापन, स्वास्थ्य शिविर सञ्चालनसहित उद्धार तथा राहत व्यवस्थापन, लेक लाग्ने समस्यालाई मध्यनजर गर्दै अक्सिजनसहितको चिकित्सक टोली गोसाइँकुण्डमा तैनाथ गरिने भएको छ ।

हिमालय उद्धार संघका कार्यकारी निर्देशक गोविन्द बत्यालका अनुसार स्थानीय जिल्ला स्वास्थ्य कार्यालय, लाङटाङ राष्ट्रिय निकुञ्ज, जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, गोसाइँकुण्ड क्षेत्र विकास समिति, सञ्चारकर्मी तथा नागरिक समाजसँगको समन्वयमा स्वास्थ्य उपचार तथा उद्धार, सुरक्षा, प्रचारप्रसारलगायतका काम गरिने छ । गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङले मौसममा आउने प्रतिकूलताका आधारमा कुनै तीर्थयात्री गम्भीर बिरामी परेमा सम्भव हुनेमा सवारीसाधन र त्यसबाट नभए हेलिकप्टरसमेत प्रयोग गरी निःशुल्क रूपमा बिरामीको उद्धार गरिने प्रतिबद्धता व्यक्त गरे ।

समुद्री सतहबाट चार हजार ३८० मिटर उचाइमा अवस्थित पवित्र गोसाइँकुण्डमा जनैपूर्णिमाका दिन स्नान, पूजा र दर्शन गर्नाले सम्पूर्ण देवदेवताको एकैसाथ दर्शन गरी पुण्य प्राप्त हुने धार्मिक विश्वाससहित नेपाल तथा भारतलगायत विभिन्न स्थानबाट उल्लेख्य संख्याका भक्तजन हरेक वर्ष गोसाइँकुण्ड पुग्ने गरेका छन् । काठमाडौंबाट यात्रा सुरु गरी पहिलो दिन रसुवाको देउराली र दोस्रो दिन गोसाइँकुण्ड पुग्न सकिने भएकाले गोसाइँकुण्ड प्रमुख धार्मिक गन्तव्यका रूपमा परिचित भई पहिलो रोजाइमा परेको भक्तजन सोनामग्याल्वो घलेले जानकारी दिए ।

मेला नजिकिँदै जाँदा स्थानीय होटल तथा व्यवसायीहरूले खाद्यान्न, दैनिक उपभोग्य सामग्री र आवश्यक सामान ढुवानी सुरु गरिसकेका छन् । होटल व्यवसायी पासाङघ्युर्मी तामाङका अनुसार तीर्थयात्रीको चापलाई ध्यानमा राखी खाद्य सामग्रीको पर्याप्त व्यवस्थाका लागि ढुवानी कार्य सुरू भइसकेको छ । पैदलमार्गमा २०० वटा (थर्कु) छाप्रा बनाउने काम सुरु भएको वडाध्यक्ष तामाङले जानकारी दिए ।

धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र हिमाली सभ्यताको अनुपम संगमका रूपमा परिचित गोसाइँकुण्डमा यस वर्ष पनि हजारौं श्रद्धालुको उपस्थिति रहने अपेक्षा गरिएको गोसाइँकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जिव डिएमले बताए । यसैबीच, रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले गोसाइँकुण्ड मेला भर्न आउने यात्रुलाई आवश्यक सुरक्षा एवं उद्धारको आवश्यक व्यवस्था गरिएकाले निर्धक्क भई यात्रा गर्न अनुरोध गरेका छन् । *रासस*

# गडचौला मल बेचेर लाखौं आम्दानी

■ सिंगबहादुर थापा

**सर्लाही–** सर्लाहीको लालबन्दीका सन्त लोप्चनले रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मिहेनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण पेस गरेका छन् । लालबन्दी नगरपालिका–२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गडचौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहेका हुन् ।

१४ वर्षदेखि घरमै सञ्चालन गरेको फार्मबाट उत्पादन गरेको जैविक र गडचौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल भएका छन् । 'मिहेनत गर्ने हिम्मत र हातमा सीप भए एक दुई लाख कमाउन विदेश जानु पर्दैन,' लोप्चनले भने । धमाधम मल प्याकिङ गरिरहेका लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताए ।

जैविक मल बोट बिरुवाका लागि निकै उपयोगी मानिन्छ । यहाँ उत्पादन भएको मल गाउँघरमा गमलामा फूल रोप्नदेखि नर्सरीमा बिरुवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्दछन् । सुरुमा जैविक तथा गडचौला मल बोटबिरुवाका लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उनको कथन छ । 'अहिले उहाँहरू आफैं मल खोज्दै आउनुहुन्छ, खुसी लाग्छ,' लोप्चनले सुनाए । साना बेर्ना तथा बोट बिरुवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गडचौला मलको माग उच्च रहेको उनले बताए ।

गडचौला मल कृषिबजारमा कालो हीरा (ब्ल्याक डाइमण्ड) को रूपमा बिक्री वितरण हुने गरेको छ । लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गडचौला मल उत्पादनसम्बन्धी सात दिनको तालिम लिएका थिए । तालिम लिएर आएपछि उत्पादन सुरु गरेका उनले बजार खोज्दाको सास्ती अझै भुलेका छैनन् । गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरुवामा हाल्ने मन ल्याउने चलन थियो । 'मैले धेरै अनुरोध गरी सम्झाए बुझाएँ,' उनले भने, 'आफ्नो गाडीले १०/१० बोरा मल निःशुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरेँ । खेती राम्रो भएपछि किसानहरू आफैं मल खोज्दै आउन थाल्नुभयो ।'

तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीका लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो । त्यसपछि बजारले आफूलाई खोज्न थालेको उनले सुनाए । तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गडचौला पाएपछि सुरु गरेको मल उत्पादन अहिले उनको मनग्य आम्दानीको बाटो बनेको छ ।



लालबन्दी–२, जुटपानी घरैमा उनले लोप्चन गाई फार्म तथा भार्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहेका छन् । सोही फार्मको नाममा बोरामा २५ किलोको दरले प्याक गरेको जैविक तथा गडचौला मल काठमाडौं, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ । जिल्लाका गमलामा फूल सजाउने बगैंचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसानसमेत यस मलप्रति आकर्षित भएका छन् ।

२५ किलोको एउटा बोरा मलको ३२५ रूपैयाँ पर्छ । 'धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौं पठाउने गरेको थिएँ,' उनले भने, 'भएन भन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु । उता पनि आफ्ना ग्राहक छन् ।' ट्रकमा ४०० बोराका दरले मल जान्छ । लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गरे । अहिले दुई छोरा एउटा युरोप र अर्को मलेसियामा छन् । उनीहरूलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उनको भनाइ छ । लोप्चनले तीन सन्तानको पठनपाठन र लालनपालनको दायित्व अझै यसैको आम्दानीबाट पूरा गरिरहेका छन् । चार मजदुर, उनी र श्रीमती नियमित काममा लाग्ने गरेका छन् ।

काठमाडौंमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामासमेत धौधौ भयो । त्यसपछि उनी भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर गाउँ फर्किएका थिए । गाउँमा किसान समूह गठन गरिएको थियो । समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने जाने गरिरहन्थे । उनीहरूले दिएको ज्ञानबाट यो पेसामा लग्न प्रेरित गरेको उनी बताउँछन् । अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गडचौला मल बिक्री गरेर २० देखि २२ लाख रूपैयाँसम्म आम्दानी गर्ने गरेको उनको भनाइ छ ।

सुरुमा गडचौलासमेत बिक्री गरेर आम्दानी गर्ने गरेको भए पनि अहिले मल उत्पादनमा जोड दिएका छन् । गडचौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गडचौला बिक्री गर्न छाडेको उनले बताए । यहाँ गडचौलामात्र प्रतिगोटा दुई रूपैयाँमा बिक्री हुन्छ । यसबाटसमेत ठूलो रकम आम्दानी गर्न सकिने उनको सुझाव छ । गाउँघर र वनमा कुहिएर रहेका पातपतिंगर, पराललगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गडचौला मल तयार गर्ने गरिएको लोप्चनले बताए । गडचौला मलका लागि गोबर मल प्रतिट्रेलर तीन हजार रूपैयाँ र ढुवानी तथा मजदुर खर्च १५ सय रूपैयाँ लगानी पर्ने उनको भनाइ छ ।

'जैविक घाँसपात र गोबर जम्मा गरेर गडचौलालाई दिएपछि गडचौलाले खाएर मल तयार गरिदिन्छ,' उनले भने, 'यसरी गडचौलाले खाएर मलको रूपमा निकालेको धूलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ ।' लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दुःख, फोहोर र मोहर यसैमा रहेको उनी बताउँछन् ।

कम्पोष्ट मलको प्रयोगले जमिनको उर्बरशक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनाल बताउँछन् । रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमासमेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गडचौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उनको जोड छ । *रासस*

# स्याङजामा 'एक सामुदायिक वन–एक पोखरी' अभियान

**वालिङ (स्याङजा)–** स्याङजामा 'एक सामुदायिक वन–एक पोखरी' अभियानअन्तर्गत यस वर्ष सात वटा रिचार्ज पोखरी निर्माण गरिएको छ । खोलाखोल्सीमा पछिल्ला वर्षहरूमा पानीका मुहानहरू सुक्दै गएकाले वनको बीच तथा माथिल्लो भागहरूमा रिचार्ज पोखरी निर्माण गर्दा तल्लो तटीय क्षेत्रहरूमा पानीका मूलहरू फुट्ने, पानीको स्रोत बढ्ने भएकाले रिचार्ज पोखरी निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ बाट सुरु गरेको अभियानलाई कार्यान्वयन गर्दै यस वर्ष स्याङजाका सात सामुदायिक वनमा सात रिचार्ज पोखरी निर्माण गरिएको डिभिजन वन कार्यालय स्याङजाका वन अधिकृत अम्मरबहादुर पराजुलीले जानकारी दिए । 'स्याङजाका विभिन्न २७ वटा सामुदायिक वनभित्र गत वर्षहरूमा २७ वटा रिचार्ज पोखरीहरू निर्माण भइसकेका छन्,' उनले भने, 'चालु आर्थिक वर्षमा सात वटा सामुदायिक वनभित्र सात वटा रिचार्ज पोखरी निर्माण गरेसँगै स्याङजामा ३४ वटा रिचार्ज पोखरी निर्माण भएका हुन् ।'

पछिल्ला पाँच आवमा जिल्लास्थित सामुदायिक वनहरूमा पोखरी निर्माणलाई अभियानकै रूपमा अगाडि बढाइएको उनले जानकारी दिए । आव २०८२/८३ मा सात वटा, आव २०८१/८२ मा तीन वटा, आव २०८०/८१ मा १२ वटा, आव २०७९/८० मा आठ वटा र आव २०७८/७९ मा चार वटा रिचार्ज पोखरी निर्माण गरिएको हो । वन जंगलमा वन्यजन्तुलाई पिउनका लागि पानी नहुँदा वन्यजन्तु पानीको खोजीमा जंगलबाट गाउँघरतिर आउनेक्रम बढ्दो रहेकाले वन्यजन्तुलाई गाउँतिर प्रवेश गर्न नदिनका लागि पनि यस प्रकारको रिचार्ज पोखरीले महत्व राख्ने दाबी उनको छ । 'एक सामुदायिक वन–एक पोखरी अभियान लागू भएसँगै हालसम्म ३४ वटा सामुदायिक वनमा ३४ वटा पोखरी निर्माण गरेका छौं,' उनले भने, 'आगामी दिनमा पनि अन्य सामुदायिक वनहरूमा यस्तै प्रकृतिका रिचार्ज पोखरीहरू निर्माणलाई निरन्तरता दिँदै जाने छौं ।' *रासस*

**मलेसियामा रोजगार** — कम्पनी : NANYANG KOPITIAM HUP KEE
पूर्व स्वीकृति मिति : २०८३/०४/२६ — LT. No. 346434 — चलानी नं. ६०२५९५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Service Crew /Restaurant Worker | 5 | 0 | 1700 | ६३,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ३ गते (19th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४
SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**कुवेतमा रोजगार** — कम्पनी : TAMDEEN ENTERTAINMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०४/२५ — LT. No. 346359 — चलानी नं. ६०२५९५२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 15 | 45 | 150 | ७४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १५ र १६ गते (31st Aug & 1st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**साउदीमा रोजगार** — कम्पनी : HABALIS SHAOUF AL-OTAIBI TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०४/२५ — LT. No. 346316 — चलानी नं. ६०२५९५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 15 | 0 | 1800 | ७३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ३ गते (19th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Yam Bahadur Gurung : 9801025426
श्रम इजाजत नं. ७९४/०६५/०६६

**युएइमा रोजगार** — कम्पनी : WARDAH JAMILA CLEANING LLC
पूर्व स्वीकृति मिति : २०८२/०४/२५ — LT. No. 346366 — चलानी नं. ६०२५९५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | External Building Cleaner (Irata Level 1 & 2) | 3 | 0 | 1300 | ५३,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor Male Cleaners | 1 | 0 | 1500 | ६२,३०१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ३ गते (19th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**बहराइनमा रोजगार** — कम्पनी : SEOUL RESTAURANT WLL
पूर्व स्वीकृति मिति : २०८३/०३/२५ — LT. No. 346350 — चलानी नं. ६०२५९५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant (Kitchen Helper) | 2 | 0 | 130 | ५२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 3 | 5 | 130 | ५२,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ३ गते (19th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal, Dinesh Thapa 9841682307, Tel: +977-1-4440633

**मलेसियामा रोजगार** — कम्पनी : ADMIRAL INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०४/२६ — LT. No. 346379 — चलानी नं. ६०२५९५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | 1700 | ६३,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ३ गते (19th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

प्रभाव दैनिक

रूपशाला

**'मास्टर्नी'को गीत 'गुराँस फुल्दा'**

अभिनेत्री प्रियंका कार्कीले निर्माण गरेको फिल्म 'मास्टर्नी'को गीत 'गुराँस फुल्दा' सार्वजनिक गरिएको छ । मेलिना राईको स्वरमा रहेको गीतमा वसन्त सापकोटाको रि-एरेन्ज र दयाराम दाहालको शब्द छ । यसअघि चलचित्र 'सुपरस्टार'मा समावेश यो गीतको ओरिजिनल भर्सनमा सचिन सिंहको संगीत र साधना सरगमको स्वर छ । आयंका फिल्म्सको प्रस्तुतिमा तयार भएको चलचित्र क्राइम थ्रिलर/फ्यामिली ड्रामा जनरामा बनेको छ । चलचित्रमा प्रियंका कार्की जोशी, सिम्रन खड्का, दीपकराज गिरी, दीपाश्री निरौला, सन्दीप क्षेत्री, प्रमोद अग्रहरी, ऋचा शर्मा, आर्यन सिग्देल, दिनेश काफ्ले, रक्षा थापालगायतका कलाकारको अभिनय रहेको छ ।





# खनालको 'कम्मरु भाँचम्ला' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली मौलिक तीज संस्कृति, चेलीबेटीको माइतीप्रतिको आत्मीयता र पर्वको उल्लासलाई समेटिएको नयाँ तीजगीत 'कम्मरु भाँचम्ला' सार्वजनिक भएको छ । लोकप्रिय गायक तथा सर्जक मोतिराज खनालको प्रस्तुतिमा तयार भएको गीतको लोकप्रिय सांगीतिक कार्यक्रम 'इन्द्रेणी'मा भव्य समारोहबीच विमोचन गरिएको हो ।

श्रावण २५ गते सम्पन्न विमोचन कार्यक्रममा गायक मोतिराज खनालको अध्यक्षता रहेको थियो । कार्यक्रममा नेपाल चलचित्र कलाकार संघका अध्यक्ष तथा वरिष्ठ कलाकार उत्तम केसी प्रमुख अतिथिका रूपमा उपस्थित भई गीतको औपचारिक विमोचन गरेका थिए । कार्यक्रमको उद्घोषण समाजसेवी तथा अभियन्ता विशाल मिश्रले गरेका थिए ।

विमोचन समारोहमा वरिष्ठ कलाकार पार्वती अधिकारी, 'इन्द्रेणी का अध्यक्ष तथा सञ्चालक कृष्ण कँडेल, ऋषिराम भुसाललगायत कलाकार, सञ्चारकर्मी, शुभेच्छुक तथा आफन्तजनको उपस्थिति रहेको थियो । कार्यक्रममा गीतको सिर्जना, तीज संस्कृतिको मौलिकता तथा नेपाली लोकसंगीतको संरक्षणका विषयमा समेत चर्चा गरिएको थियो । मोतिराज खनाल, बैकुण्ठ महत र रेखा पोखेलको स्वर रहेको 'कम्मरु भाँचम्ला' का शब्द मोतिराज खनाल र किरण पन्थीले लेखेका हुन् भने संगीत मोतिराज खनालकै रहेको छ ।

गीतको संगीत संयोजन लक्षु प्रकाश मल्लले गरेका छन् । कृष्ण बाजुरालीले रेकर्डिङ तथा मिक्सिङको जिम्मेवारी सम्हालेका छन् भने गीतको रेकर्डिङ द म्युजिक एरा स्टुडियोमा गरिएको हो ।

गीतको भिडियोमा भुवन के. पोखरेल, जुना कार्की, भगवान् भण्डारी र रेणुका बरालको अभिनय तथा नृत्य रहेको छ । शिवाजी क्षेत्रीको निर्देशन तथा कोरियोग्राफीमा तयार भएको भिडियोमा विभिन्न जिल्लाका चेलीहरूको सामूहिक सहभागिताले तीजको मौलिक रंगलाई थप जीवन्त बनाएको छ । भिडियो छायांकन सुनिल राउत तथा टिमले गरेका हुन् भने विनोद बमले भिजुअल एडिट तथा कलरको जिम्मेवारी सम्हालेका छन् । मेकअपमा शंकर सुमनको योगदान रहेको छ ।

'कम्मरु भाँचम्ला'को भिडियोमा तीजको अवसरमा श्रीमती माइत जाने तयारी गरेपछि श्रीमान्ले 'यसपालि माइत नजाऊ, सँगै नाचौंला' भन्दै फकाउने रमाइलो प्रसंगबाट कथा अघि बढाइएको छ । तर माइतीबाट बाबाको फोन आएपछि कथाले भावनात्मक मोड लिन्छ । यसमार्फत तीजमा छोरी-चेलीलाई माइती बोलाउने परम्परा, बाबुआमाको माया, माइतीप्रतिको आत्मीयता तथा श्रीमान् श्रीमतीबीचको रमाइलो सम्बन्धलाई मनोरञ्जनात्मक ढंगले प्रस्तुत गरिएको छ ।

पछिल्लो समय तीजगीतमा मौलिकता र सांस्कृतिक पक्षलाई प्राथमिकता दिनुपर्ने बहस चलिरहेका बेला 'कम्मरु भाँचम्ला'ले परम्परागत तीजको भावनासँगै आधुनिक प्रस्तुति र मनोरञ्जनलाई जोड्ने प्रयास गरेको निर्माण पक्षले जनाएको छ ।

तीजको मौलिक स्वाद, छमछमी नाच्न मिल्ने लय र पारिवारिक कथावस्तुलाई एकैसाथ प्रस्तुत गरिएको गीतले दर्शक-श्रोताको मन जित्ने अपेक्षा गरिएको छ । गीतको म्युजिक भिडियो मोतिराज खनालको आधिकारिक युट्युब च्यानलमार्फत दर्शक-श्रोतामाझ ल्याइएको हो ।

# तण्डुकारलाई बेलायतमा सम्मान




**काठमाडौं (प्रस)–** इभेन्ट बेटर ग्यालेक्सीका संस्थापक धीरज तण्डुकार बेलायतमा सम्मानित भएका छन् । उनलाई बेलायतको एपेक्स हेल्थ केयर सेन्टरले 'बेस्ट प्रोफेसनल्ली ड्रेस' विधाको अवार्डबाट सम्मान गरेको हो ।

सन् २००० मा मोडलिङ क्षेत्रमा प्रवेश गरेर सन् २००१ मा 'मिस्टर काठमाडौं'को उपाधि जितेपछि धीरज मोडलिङ र ग्ल्यामर क्षेत्रमा सक्रिय छन् । इभेन्ट बेटर ग्यालेक्सी स्थापना गरेर उनले झण्डै २४ वर्ष विभिन्न प्रकारका प्रतियोगिता, फेसन शो र कार्यक्रमहरूको आयोजना गर्दै बिताएका थिए ।

उनको संस्थाले 'लिटिल प्रिन्स एन्ड प्रिन्सेस', 'नेसनल किड्स अफ द इयर', 'मिसेस क्विन नेपाल', 'मिस्टर एन्ड मिस टिन', 'मोडल हन्ट', 'फेसन एन्ड स्टाइल' लगायत अनेकौं फेसन शो आयोजना गरेका छन् । फुटबल खेलाडीहरूलाई समेटेर 'ग्ल्यामर एन्ड स्पोर्ट्स' तथा 'नाडा अटो शो' जस्ता कार्यक्रमहरू समेत सञ्चालन गरिसकेका छन् । उनले केही फिल्ममा अभिनय र मोहन भुसाल, निर्णय श्रेष्ठ लगायतका गायकको म्यूजिक भिडियोमा पनि अभिनय गरेका छन् ।

एक वर्षयता परिवारसहित बेलायतमा बस्दै आएका धीरजले त्यहीँ नेपाली कला, संस्कृति र फेसनसँग जोडिएका कार्यहरू गर्दै आएका छन् । 'बेलायत पुगेपछि नेपालप्रतिको माया झन् बढेको छ । यहाँ कामको व्यस्तता भएपनि समय निकालेर नेपाली कला, संस्कृति र फेसनसँग सम्बन्धित कार्यक्रमहरूमा निरन्तर सहभागी भइरहेको छु', उनले भने ।

धीरजले लण्डनमा भएको भिक्टोरिया महोत्सवमा भएको रोड शोमा धीरजसहित त्यहाँका नेपालीहरूले नेपाली र नेवारी पहिरनमा सजिएर धिमे बाजासहित सहभागिता जनाउँदै सबैले प्रशंसा गरेको अनुभव सुनाए । धीरजले लन्डनमा नेपाली संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले एउटा कम्पनी स्थापना गरेको खुलाए । जुन कम्पनीले पाचपुचः गुठीसँग मिलेर म्हपूजा, बिस्केट जात्रालगायतका कार्यक्रमहरू आयोजना गरेका छन् । धीरज र उनको टिमले गुफा राख्ने संस्कारदेखि पास्नी, व्रतबन्ध, विवाह र मृत्युसम्मका परम्पराहरूलाई एउटै फेसन शोमार्फत प्रस्तुत गरेका थिए ।

## रंगशाला

१४ औं पुष्पलाल स्मृति ब्याटमिन्टन

# कविर र सुहम अन्तिम ३२ मा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पुलिस क्लबका कविर के.सी. र धन्यन्तरी क्लबका सुहम कार्की लिनिङ्ग १४ औं पुष्पलाल स्मृती राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगिता २०८३ को पुरुष यु-१९ को अन्तिम ३२ मा प्रवेश गरेका छन् । अन्तिम ३२ मा प्रवेश गर्ने क्रममा कविरले त्रिभुवन आर्मीका आशुतोष कसौधनलाई २१-११, २१-६ ले तथा सुहमले फिटनेश पार्कका समिर खड्कालाई २१-१०, २१-१२ ले पराजित गरेका हुन् ।

नेपाल खेलकुद महासंघ अन्तरगतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको पुरुष यु-१९ एकलको अन्य प्रतिस्पर्धामा आर्मीका प्रतिक बिष्टले तारकेश्वर युथ क्लबका दीप भट्टलाई २१-५, २१-६, धादिङ्गका आयुष मगरले आईबिएससीका कृष्ण तामाङ्गलाई २१-७, २१-११, आर्मीका सौर्य महर्जनले लभ ब्याडमिन्टन एकेडेमीका राम जीवन चौधरीलाई २१-६, २१-२, पुलिसका रितिक आचार्यले सिन्धुली ब्याडमिन्टन एकेडेमीका आर्नभ श्रेष्ठबाट वाकओभर, इलामका गहेन्द्र बस्नेतले कस्तुरी कलेजका मिसेक चोङ्गवाङ्गलाई २१-१६, १२-२१, २२-२०, कन्चनपुरका उदय चन्दले मन्डला ब्याडमिन्टन एकेडेमीका अनन्त पाखिनलाई २१-१४, २१-११ ले पराजित गर्दै अन्तिम ३२ मा प्रवेश गरे ।

अन्तिम ३२ प्रवेश गर्ने अन्य खेलाडीहरूमा आर्मीका सुदेश राजकोटी, सूर्यदर्शनका सोनाम ओली, आर्मीका सुविन श्रेष्ठ -बी), चितवनका युसोफ गुरुङ्ग, आर्मीका शिषिर राना, कपिलवस्तुका निश्चल अग्रहरी, सिन्धुलीका दीप थिङ्ग, फिटनेपाल स्पोर्टस्प्लेक्सका सक्षम गुरुङ्ग, गुल्मीका प्रिन्स बि.क., आर्मीका सदीप राई, आर्मीकै सामन्त बहादुर बज्राचार्य, पुलिसका इमा तामाङ्ग, धन्यन्तरीका सुशान्त प्रजापती, कस्तुरी कलेजका संगम गिरी, सिन्धुलीका धिरज मंडल, आर्मीका सुप्रिम पन्त, ग्यालेक्सीका सुभम चौहान, आर्मीका रिजन मगर, पुलिसका रिसव राई, कन्चनपुरका आशिष खत्री, मन्डलाका ज्यातीरादित्य चौधरी, पुलिसका पप्पु पाल, कर्णालीका रमेश कामी र आर्मीका सुबिन श्रेष्ठ (ए) ले पनि आआफ्ना प्रतिद्वन्दिलाई पराजित गरे ।

ग्वार्कोस्थित सहआयोजक यल स्पोर्टस् एकेडेमीको कभर्डहलमा भएको प्रतिस्पर्धाको पुरुष यु-१५ एकल तर्फको खेलमा अन्तिम ३२ मा प्रवेश गर्ने क्रममा धन्यन्तरीका सुहम कार्की, आईबिएससीका प्रशान्त बुढाथोकी, कन्चनपुरका उदय चन्द, कविलवस्तुका निश्चल अग्रहरी, आर्मीका रिजन मगर, नेपाल पुलिस स्कुल काभ्रेका इशान गिरी, बालकुमारी रिमिक्स क्लबका प्रज्वल बज्रचार्य, मन्डला ब्याडमिन्टनका ज्यातीरादित्य चौधरी, सिन्धुलीका थिङ्ग, नेपाल पुलिस स्कुल काभ्रेका श्याम भण्डारी, आर्मीका आशुतोष कसौधन, सूर्खेतका समिर अधिकारी, सूर्यदर्शनका सोनाम ओली, नेपाल पुलिस स्कुल काभ्रेका सिद्धान्त श्रेष्ठ, आर्मीका सामन्त बहादुर बज्राचार्य, ग्यालेक्सीका सुभम चौहान, कन्चनपुरका आशिष खत्री, फिटनेपाल स्पोर्टस्प्लेक्सका संक्षम गुरुङ्ग, आर्मीका साजन कार्की, कस्तुरी एकेडेमीका प्रज्ञान ढकाल, बिवेक बर्मा एकेडेमीका आयुष खनाल, आईबिएससीका प्रिन्स थापा मगर, सिन्धुली ब्याडमिन्टन एकेडेमी धिरज मन्डल, पुलिस स्कुल काभ्रेका प्रनिश कार्की, कागेश्वरीका अपुर्व राज पोखरेल, पुलिसका रितिक आचार्य, डिबिए क्लबका रमित बोहरा र धन्यन्तरीका सुशान्त प्रजापतीले आआफ्ना प्रतिद्वन्दि माथि जित निकाले ।

# ह्वीलचेयर बास्केटबलका प्रशिक्षकलाई समावेशी कोचिङ प्रशिक्षण

■ प्रभाव संवाददाता



**काठमाडौं–** ह्वीलचेयर बास्केटबल तथा अन्य अपांगता खेलकुदमा समावेशी कोचिङसम्बन्धी प्रशिक्षकको ज्ञान, सीप र व्यावहारिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित तीनदिने प्रशिक्षण सम्पन्न भएको छ ।

नेपाल स्पाइनल कर्ड इन्जरी स्पोर्ट्स एसोसिएसनको आयोजनामा तथा युरोपेली युनियनको सहयोगमा सञ्चालित 'मेनस्ट्रिमिङ इन्क्लुसिभ स्पोर्ट्स इन नेपाल' अन्तर्गत 'ट्रेनिङ कोचेस इन इन्क्लुसिभ कोचिङ' प्रशिक्षण सञ्चालन गरिएको हो ।

गत शनिबारदेखि सुरु भएको प्रशिक्षण सोमबार काठमाडौंको ज्ञानेश्वरस्थित होटल एटिक एम्पायर तथा ग्यालेक्सी पब्लिक स्कुलमा सम्पन्न भएको हो। प्रशिक्षणमा सातै प्रदेशबाट एक एक जनासहित १५ जना प्रशिक्षकको सहभागिता रहेको थियो ।

प्रशिक्षणको मुख्य उद्देश्य प्रशिक्षकलाई ह्वीलचेयर बास्केटबललगायत अपाङ्गता खेलकुदमा प्रभावकारी र समावेशी रूपमा प्रशिक्षण सञ्चालन गर्न सक्षम बनाउनु रहेको आयोजकले जनाएको छ । साथै, अपाङ्गता भएका खेलाडीको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सुरक्षित, पहुँचयोग्य र समावेशी खेल वातावरण निर्माण गर्न सक्षम प्रशिक्षक तयार गर्ने लक्ष्य राखिएको थियो ।

प्रशिक्षण प्रेमसुन्दर होना र उनको टोलीले सञ्चालन गरेको थियो। प्रशिक्षणका क्रममा ह्वीलचेयर बास्केटबलको कोचिङ प्रविधि, खेलाडीको आवश्यकता पहिचान तथा समावेशी प्रशिक्षण पद्धतिसम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको थियो ।

समापन कार्यक्रममा नेपाल स्पाइनल कर्ड इन्जरी स्पोर्ट्स एसोसिएसनकी अध्यक्ष देवी आचार्य, संघका उपाध्यक्ष सुपर राई र कोषाध्यक्ष बिरु ढुंगानालगायतको उपस्थिति रहेको थियो ।

समापन कार्यक्रममा बोल्दै अध्यक्ष आचार्यले यस्ता प्रशिक्षणले अपाङ्गता भएका खेलाडीलाई समेत खेलकुदको मूलधारमा ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताइन् । उनले प्रशिक्षकको क्षमता अभिवृद्धिसँगै देशका विभिन्न प्रदेशमा सक्षम खेलाडी उत्पादन गर्न र अपाङ्गता खेलकुदको स्तर वृद्धि गर्न प्रशिक्षणले योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

# गण्डकी खेलकुद पदक छनोटबारे पौडेलको संयोजकत्वमा समिति गठन

■ प्रभाव संवाददाता

**कास्की–** गण्डकी खेलकुद पदक वितरणमा अनियमितता भएको पाइएपछि छानबिन समिति गठन गरिएको छ ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा शेषनारायण पौडेलको संयोजकत्वमा गठित समितिमा मन्त्रालयका प्रवक्ता तथा खेलकुद महाशाखा प्रमुख घनश्याम पौडेल र मन्त्रालयका युवा महाशाखा प्रमुख नारायणप्रसाद बास्तोला सदस्य रहेकी छिन् ।

गण्डकी प्रदेश खेलकुद परिषद्ले गत असार ३० गते प्रदान गरेको 'प्रदेश खेलकुद पदक' विवादित बनेपछि सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले पदक छनोट प्रक्रियाबारे छानबिन गर्न समिति गठन गरेको हो ।

परिषद्ले पहिलोपटक वितरण गरेको उक्त पदकको छनोट तथा सिफारिस प्रक्रिया, कार्यविधिको कार्यान्वयन र सिफारिस समितिमा रहेका व्यक्तिले पदक प्राप्त गरेको विषय सार्वजनिक भएपछि खेलाडी, खेलकर्मी तथा सञ्चारकर्मीले प्रश्न उठाएका थिए ।

सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङले छानबिन समितिलाई पाँच दिनको समय दिइएको र प्रतिवेदन प्राप्त भएपछि आवश्यक निर्णय गरिने बताए ।

'पदक वितरणमा भएका अमर्यादित कार्यलगायत सार्वजनिक रूपमा उठेका सबै विषयमा छानबिन हुनेछ । मन्त्रालय यस विषयमा प्रतिबद्ध छ । समितिलाई छिटोभन्दा छिटो निष्पक्ष छानबिन गरी प्रतिवेदन पेस गर्न जिम्मेवारी दिइएको छ', मन्त्री गुरुङले भने ।

छानबिन समितिका संयोजक पौडेलले पदक सिफारिस गर्दा कार्यविधि पालना भए-नभएको, पारदर्शिता कायम भए-नभएकोलगायत सबै विषयमा अध्ययन गरी तोकिएको समयभित्र प्रतिवेदन पेस गरिने बताए ।

परिषद्ले खेलाडीतर्फ भलिबलकी अरुणा शाही, आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर, अन्तरराष्ट्रिय आर्चरी खेलाडी योगेन्द्र शेरचन र असिम शेरचन तथा क्रिकेट प्रशिक्षकतर्फ रिजन प्रजुलाई २०८१/८२ को खेलकुद पदक प्रदान गरेको थियो ।

त्यसैगरी, संघ संस्थातर्फ नेपाल भूतपूर्व खेलाडी मञ्चलाई पदक प्रदान गरिएको थियो । उत्कृष्ट प्रदेश खेलकुदतर्फ गण्डकी प्रदेश टेनिस सङ्घलाई नगद रु एक लाख २० हजारसहित सम्मान गरिएको थियो । गण्डकी प्रदेश ह्यान्डबल संघ र गण्डकी प्रदेश फेन्सिङ संघलाई उत्कृष्ट खेल संघ घोषणा गर्दै नगद रु ९०/९० हजारसहित सम्मान गरिएको थियो ।



**चीनको सिजाङ स्वायत्त क्षेत्रको नाग्कुस्थित गेसर रेसकोर्समा यस वर्षको नाग्कु घोडा दौड महोत्सवअन्तर्गत १२ हजार मिटर दौडका प्रतिस्पर्धीहरू ।**
*तस्बिरः सिन्ह्वा*

# भारतसँग सम्बन्ध सुधार्न चाहन्छ बंगलादेश

**ढाका–** बंगलादेशले भारतसँगको सम्बन्धलाई पारस्परिक सम्मान र हितमा आधारित बनाउँदै पूर्वप्रधानमन्त्री शेख हसिनाको प्रत्यर्पण, सीमा विवाद तथा लामो समयदेखि विचाराधीन पानी बाँडफाँटलगायतका विषय समाधान गर्न चाहेको जनाएको छ । बंगलादेशको संसद्को विदेश मामिला मन्त्रालयसम्बन्धी स्थायी समितिका अध्यक्ष तथा बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी) का सांसद जह्वत अदीब चौधरीले भारतसँग 'राम्रो र स्वस्थ सम्बन्ध' निर्माण गर्नु सरकारको प्राथमिकता रहेको बताएका हुन् ।

एएनआईसँगको कुराकानीमा चौधरीले करिब दुई वर्षको राजनीतिक अस्थिरतापछि गत फेब्रुअरीमा जनादेश प्राप्त गरी सरकार गठन गरेको बिएनपीले विदेश नीतिमा 'बंगलादेश पहिलो' दृष्टिकोण अपनाएको बताए । उनले भारतसँगको सम्बन्ध पनि दुवै देशलाई लाभ हुने 'विन-विन' रणनीतिका आधारमा अघि बढाउने सरकारको नीति रहेको स्पष्ट पारे ।

'भारत हाम्रो सबैभन्दा ठूलो छिमेकी हो । बंगलादेशका लागि हामी हाम्रो छिमेकीसँग राम्रो र स्वस्थ सम्बन्ध राख्न चाहन्छौं,' उनले भने । चौधरीले बंगलादेश र भारतबीच केही महत्त्वपूर्ण मतभेद तथा लामो समयदेखि समाधान हुन नसकेका विषय रहेको स्वीकार गरे । भारतमा रहेकी पूर्वप्रधानमन्त्री हसिनाको प्रत्यर्पण, सीमा विवाद र पानीको अधिकारसम्बन्धी विषयलाई उनले प्रमुख मुद्दाका रूपमा उल्लेख गरे ।

'हामीसँग धेरै चुनौती छन् । शेख हसिना अहिले भारतमा हुनुहुन्छ । हाम्रो सीमा विवाद छ र लामो समयदेखि पानीको अधिकारसम्बन्धी मुद्दा पनि बाँकी छन् । त्यसैले भारतसँग हामीले समाधान गर्न चाहेका धेरै विषय छन्,' उनले भने । बिएनपी सरकारले ती विषयलाई बंगलादेशको राष्ट्रिय गरिमा कायम राख्दै व्यावसायिक र सम्मानजनक ढंगबाट समाधान गर्न चाहेको चौधरीले बताए । उनले भारतबाट पनि त्यही प्रकारको प्रतिबद्धता र सम्मानको अपेक्षा गरिएको उल्लेख गरे ।

'बंगलादेश आफ्ना कुनै पनि छिमेकीसँग वैमनस्यमा विश्वास गर्दैन । तर हामी मर्यादा, सम्मान, आफ्नो उचित अधिकारको स्वीकार र पारस्परिक हितका आधारमा सम्बन्ध अघि बढाउन चाहन्छौं,' उनले भने । चौधरीको यस्तो भनाइ बंगलादेशले भारतसँग पूर्वप्रधानमन्त्री हसिनाको प्रत्यर्पण प्रक्रिया छिटो गर्न आग्रह गरेको एक दिनपछि आएको हो । भारतीय उच्चायुक्त दिनेश त्रिवेदीले बंगलादेशका प्रधानमन्त्री तारिक रहमानसँग भेटवार्ता गरेपछि प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भारतले हसिनाको प्रत्यर्पण प्रक्रिया तीव्र बनाउने अपेक्षा बंगलादेशले गरेको उल्लेख गरिएको थियो ।

बंगलादेश सचिवालयस्थित प्रधानमन्त्री कार्यालयमा भएको भेटमा दुवै पक्षले प्रमुख द्विपक्षीय विषयमा छलफल गरेका थिए । प्रधानमन्त्री रहमानले बंगलादेश र भारतबीचको सम्बन्धलाई अघि बढाउन उपयुक्त वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका थिए । भेटमा विदेशमन्त्री खलिलुर रहमान, प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार हुमायूँ कबीरलगायत अधिकारी सहभागी थिए ।

त्रिवेदीले प्रधानमन्त्री रहमानसँग भेट गर्नुअघि बंगलादेशका विदेशमन्त्रीसँग पनि छलफल गरेका थिए । हसिनाको भारतमा उपस्थितिलाई लिएर पछिल्लो समय ढाका र नयाँदिल्लीबीच कूटनीतिक तनाव बढिरहेका बेला उच्चायुक्त र बंगलादेशको शीर्ष नेतृत्वबीच भएको भेटलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

सन् २०२४ मा विद्यार्थी नेतृत्वको आन्दोलनपछि बंगलादेशबाट बाहिरिएकी हसिना त्यसयता भारतमा रहँदै आएकी छन् । गत अगस्ट ५ मा नयाँदिल्लीमा आयोजित 'भर्चुअल' प्रेस अन्तरक्रियामा उनले आफूविरुद्ध जेल वा मृत्युदण्डको जोखिम भए पनि लोकतन्त्र पुनःस्थापना गर्न र देशलाई सही बाटोमा फर्काउन डिसेम्बरमा स्वदेश फर्कने दृढता व्यक्त गरेकी थिइन् ।

हसिनाको उक्त सार्वजनिक अभिव्यक्तिप्रति बंगलादेशले कडा आपत्ति जनाएको थियो । बंगलादेशको विदेश मन्त्रालयले त्यसबाट जनताको भावनामा असर परेको र दुई देशबीच सहयोग विस्तार गर्ने प्रयास थप जटिल बनेको जनाएको थियो । भारतले भने हसिनासँग सम्बन्धित उक्त कार्यक्रममा आफ्नो सरकारको कुनै संलग्नता नरहेको स्पष्ट पारेको थियो । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले कार्यक्रम निजी सञ्चार संस्थाले आयोजना गरेको र त्यहाँ व्यक्त गरिएका विचारलाई भारत सरकारले समर्थन नगर्ने बताएका थिए ।

'तपाईंले उल्लेख गर्नुभएको अन्तरक्रिया निजी सञ्चार संस्थाले आयोजना गरेको हो । यसमा सरकारको कुनै संलग्नता छैन र उक्त मञ्चमा व्यक्त गरिएका कुनै पनि विचारलाई भारत सरकारले समर्थन गर्दैन,' जयसवालले भनेका थिए । *रासस⁄एएनआई*

# इण्डोनेसियाको जंगलमा लागेको डढेलोका कारण विद्यालय बन्द



**सुराबाया (इण्डोनेसिया)–** एल निनोका कारण लामो र तीव्र सुक्खा मौसमको सुरुमा द्वीपसमूहमा फैलिएको डढेलोले फैलिएको विषाक्त धुवाँबाट दर्जनौं इण्डोनेसियाली विद्यालयहरू मंगलबार पनि दोस्रो दिनका लागि बन्द गरिएको जनाइएको छ ।

इण्डोनेसियाले मलेसिया र ब्रुनाईसँग साझेदारी गरेको बोर्नियो टापुको पश्चिम कालिमान्टनमा पोन्टियानाकका मेयरले अन्य ठाउँमा भएको आगलागीका कारण सहरमा विषाक्त धुवाँ फैलिएको कारण विद्यालयहरू बन्द गर्ने आदेश दिएको जनाइएको छ ।

हावाको गुणस्तर खराब हुँदासम्म बालबालिकाले घरबाट नै सिक्ने व्यवस्था गरिएको मेयर एडी रुस्दी काम्टोनोले विज्ञप्तिमार्फत बताए । कति विद्यालयले प्रभावित भए पनि यसबारे सूचना प्रवाह नगरेको बताउँदै पोन्टियानाक सहरलाई धुवाँले ढाकेको महसुस गर्न थालेको बताइएको छ ।

जाभा टापुमा अग्नि नियन्त्रकहरूले गत हप्ता लागेको आगोमा ९०० हेक्टर क्षेत्र प्रभावित भएको र राष्ट्रिय निकुञ्जमा नवौं दिनपछि मात्र आगो नियन्त्रणमा लिएको जनाइएको छ । आगलागीका कारण प्रमुख पर्यटकीय आकर्षणको केन्द्र ब्रोमो टेंगर सेमेरु राष्ट्रिय निकुञ्ज शनिबारदेखि आगन्तुकहरूका लागि बन्द गरिएको जनाइएको छ भने ५० हजार अग्नि नियन्त्रकहरूलाई तैनाथ गरी डढेलो नियन्त्रण गरिएको उल्लेख गरिएको छ ।

इण्डोनेसियाले यस वर्ष एल निनो मौसमी घटनाका कारण खडेरी र डढेलोको उच्च जोखिमका साथ असामान्य रूपमा कठिन सुक्खा मौसमको सामना गर्ने पूर्वानुमान गरिएको बिएमकेजी मौसम विज्ञान विभागले जनाएको छ । यस वर्ष अहिलेसम्म देशव्यापीरूपमा एक लाख सात हजार हेक्टरभन्दा बढी जमिन आगलागीका कारण प्रभावित भएको जनाइएको छ । देशव्यापीरूपमा फैलिएको आगलागीका बाबजुद अधिकारीहरूले खाद्यान्नको पर्याप्त भण्डार रहेको कुरामा जोड दिएका छन् ।

गत जुलाईमा पूर्वी जाभाको ब्रोमो पार्कमा लागेको आगलागीले मंगलबार बिहानसम्म लगभग ९०० हेक्टरभन्दा बढी जमिन क्षतिग्रस्त बनाएको जनाएको छ । यो एक हजार २०० भन्दा बढी फुटबल मैदान र पार्क क्षेत्रको लगभग दुई प्रतिशत बराबर क्षेत्रफल रहेको जनाइएको छ ।

स्थानीय विपद् अधिकारी सत्रियो नर्सेनोलाई उद्धृत गर्दै एएफपीले यस क्षेत्रलाई चिस्याउन र आगो नियन्त्रण गर्न सक्दो प्रयास गरिरहेको र उपलब्ध सबै उपकरण परिचालन गरिरहेको जनाएको छ । तीनवटा पानी-बम विष्फोटक हेलिकप्टर र फायर ट्रकहरूले लगभग २०० अग्निनियन्त्रक, वन रेञ्जर्स, प्रहरी र सैनिकहरूले आगो निभाउन सहयोग गरिरहेका थिए ।

बिएनपिबी विपद् विभागका अनुसार छ वटा प्रान्तमा आगो निभाउन ४८ हजारभन्दा बढी कर्मचारी तैनाथ गरिएको छ । रक्षामन्त्री जामारी चानियागोले सोमबार इण्डोनेसियाले ४३ वटा हेलिकप्टर र १५ वटा फिक्स-विङ विमान क्लाउड सिडिङका लागि आवश्यक ठाउँमा तैनाथ गरेको बताए । यस प्रक्रियामा बादलको उपस्थिति अनिवार्य हुन्छ । विमानबाट सिल्भर आयोडाइड र नुनजस्ता सूक्ष्म कण बादलमा छर्किएर वर्षा गराउने प्रयास गरिन्छ ।

इण्डोनेसियाले एल निनोको सबैभन्दा खराब प्रभावका लागि तयारी गरिरहेको बेला बिएमकेजीले जुलाईमा औसत हावाको तापक्रम २७ डिग्री सेल्सियस रहेको र यो औसत २६.२ डिग्री सेल्सियसभन्दा बढी रहेको बताएको छ । साथै यो सन् १९९१ पछि जुलाईमा भएको सबैभन्दा उच्च तापक्रम थियो ।

एल निनो प्राकृतिकरूपमा हुने जलवायु घटना हो । यसले हावा, हावाको चाप र वर्षाको ढाँचामा विश्वव्यापी परिवर्तन ल्याउँछ । भारत र दक्षिणपूर्व एसियामा यसले सामान्यतया सुक्खा अवस्थाहरू निम्त्याउँछ ।

पछिल्लो एल निनोका कारण सन् २०२३ र २०२४ विश्वभरकै अहिलेसम्मका सबैभन्दा तातो दुई वर्ष बनेका थिए । इण्डोनेसियामा यस वर्ष अहिलेसम्म डढेलोले जलेको जमिनको क्षेत्रफल सन् २०२३ को तुलनामा दोब्बर पुगेको छ । *रासस⁄एएफपी*

# कोलम्बियामा शक्तिशाली भूकम्प, २२४ जनाको मृत्यु

**पेरेरा (कोलम्बिया)–** कोलम्बियामा मंगलबार गएको ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या यो समाचार तयार पार्दासम्म २२४ पुगेको छ । उक्त भूकम्पमा परी करिब दुई हजार ७०० जना बेपत्ता भएको जनाइएको छ ।

भूकम्पले एक हजार ५०० भवनमा क्षति पुगेको छ । भग्नावशेषमा मानिसहरू पुरिएको आशंकामा स्वयंसेवक र उद्धारकर्मीहरूले खाली हात, बाल्टी तथा सामान्य उपकरणको सहायताले रातिसम्म उद्धार तथा खोजी कार्य जारी राखेका छन् । कोलम्बियाको सुरम्य कफी क्षेत्र तथा प्रशान्त तटीय क्षेत्रका विभिन्न सहरमा स्थानीय समयअनुसार मंगलबार बिहान ७:३० बजेपछि भूकम्प गएको थियो । शक्तिशाली कम्पनका कारण मानिसहरू आतंकित हुँदै घरबाट बाहिर निस्किएका थिए । राजधानी बोगोटासहित देशका विभिन्न भागमा भूकम्पको धक्का महसुस गरिएको थियो ।

क्विब्डोका कानुनका विद्यार्थी विल्मर कुएस्टाले आफूले अनुभव गरेको भूकम्पलाई निकै भयावह भएको बताए । उनले मानिसहरू आत्तिएर घरबाट भागेको र कतिपय दोस्रो तलाबाटसमेत हामफालेर बाहिर निस्किएको बताए । नवनिर्वाचित राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले पद तथा गोपनीयताको शपथ लिएको तीन दिनपछि नै भूकम्पको विपद् सामना गर्नुपरेको छ । उनले आपत्कालीन अवस्था घोषणा गर्दै उद्धार तथा राहत कार्यलाई प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कालीमा स्वयंसेवकहरू छनोट, सामान्य उपकरण र आफ्नै हातको प्रयोग गर्दै भग्नावशेषमा पुरिएका मानिसको खोजीमा जुटेका थिए । आन्द्रेस फेलिप मेजिया पनि त्यहीमध्ये एक थिए । उनले आफूहरू भग्नावशेषमा फसेका सबैलाई जीवितै बाहिर निकाल्ने प्रयासमा रहेको बताए ।

उनका अनुसार एक उद्धारकर्ताले भग्नावशेषभित्र फसेका मानिसलाई आफू जीवित रहेको संकेत दिन सिटी बजाउन आग्रह गरेका थिए । केही समयपछि भग्नावशेषभित्रबाट पनि सिटीको आवाज आएको थियो । उद्धारकर्मीहरूले त्यसपछि एक पुरुष र एक बालकलाई बाहिर निकाले पनि उनीहरूको परिवारकी एक महिला अझै भग्नावशेषमा फसेकी थिइन् । उद्धारकर्मीहरूले इँटा र कंक्रिटका टुक्रा हटाउन मानव साङ्लो बनाएर काम गरेका थिए । भग्नावशेषमुनिबाट कुनै आवाज वा जीवनको संकेत सुनिन्छ कि भनेर उनीहरू केही-केही मिनेटमा काम रोकेर सुनिरहेका थिए ।

कालीलगायत प्रभावित सहरमा स्थानीय बासिन्दाले उद्धारकर्मीलाई खाना, पानी, आवश्यक सामग्री तथा अन्य सहयोग उपलब्ध गराएका थिए । धेरै मानिस स्वयंसेवकका रूपमा उद्धार कार्यमा सहभागी भएका थिए । भूकम्पपछि प्रभावित सहरहरूमा ठूलो क्षतिको दृश्य देखिएको छ । कंक्रिटका संरचनाबीच फर्निचर तथा कपडा थिचिएका छन् भने कतिपय भवनका भित्ता र भुइँ अनियमितरूपमा भत्किएका छन् । सडकमा विद्युत् तथा अन्य तार छरिएका छन् ।

मनिजालेसमा एक पत्रकारले सहरको चर्चित नव-गोथिक क्याथेड्रलको एउटा टावरसमेत भत्किएको देखेका थिए । अन्य धेरै भवनमा पनि गम्भीर क्षति पुगेको स्थानीय अधिकारीहरूले बताएका छन् । दन्त चिकित्सक जुलियन पेना भूकम्प जाँदा क्विब्डोस्थित आफ्नै घरमा थिए । उनले कम्पन अत्यन्त शक्तिशाली रहेको बताउँदै मानिसहरू सडकमा निस्केर प्रार्थना गरिरहेको बताए । आफू कुनै सामान नलिई घरबाट बाहिर दौडिएको र बाहिर सयौं मानिस जम्मा भएको उनले बताए ।



उनका अनुसार केही भवनमा ठूलो चिरा परेको र कतिपय भवन पूर्णरूपमा ध्वस्त भएका छन् । राजधानी बोगोटामासमेत मानिसहरू पायजामामै सडकमा निस्किएका थिए । अधिकारीहरूले भग्नावशेषमा फसेका मानिसको खोजी जारी रहेकाले मृतकको संख्या अझ बढ्न सक्ने चेतावनी दिएका छन् । पाँच सहरका अस्पताललाई उच्च सतर्कतामा राखिएको छ भने कालीमा रातिको कफर्च्यु घोषणा गरिएको छ । नागरिक वैमानिकी एजेन्सीका अनुसार कम्तीमा छवटा स्थानीय विमानस्थलको सञ्चालन अस्थायीरूपमा रोकिएको छ । आगामी सबै व्यावसायिक फुटबल खेल पनि स्थगित गरिएको छ ।

भूकम्पको केन्द्रबाट करिब ११० किलोमिटर गहिराइमा कम्पन उत्पन्न भएको र छिमेकी इक्वेडर तथा पानामासम्म त्यसको धक्का महसुस गरिएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षणका विज्ञहरूले नाज्का टेक्टोनिक प्लेटभित्र गहिराइमा रहेको फल्टको गतिविधिका कारण भूकम्प गएको हुन सक्ने बताएका छन् ।

यो विनाशकारी घटना छिमेकी भेनेजुएलामा शक्तिशाली दुईवटा भूकम्पबाट छ हजार ३०० भन्दा बढी मानिसको मृत्यु भएको र १० औं हजार मानिस घरबारविहीन बनेको दुई महिनाभन्दा कम समयपछि भएको हो ।

भूकम्पपछि कोलम्बियालाई विभिन्न देश तथा अन्तर्राष्ट्रिय संस्थाले सहयोगको प्रस्ताव गरेका छन् । पप गायिका शाकिराले पनि एकताको आह्वान गर्दै आफ्नो मातृभूमिका नागरिकप्रति ऐक्यबद्धता व्यक्त गरेकी छन् । उनले सबैलाई एकअर्कालाई बलियो साथ दिन आग्रह गरेकी छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अमेरिकाले परिस्थितिलाई नजिकबाट नियालिरहेको र कोलम्बियाका जनतालाई सहयोग गर्न तयार रहेको बताएका छन् । त्यसपछि अमेरिकाले कोलम्बियाका लागि एक करोड ५५ लाख अमेरिकी डलरबराबरको आपत्कालीन सहायता घोषणा गरेको छ ।

युरोपेली संघ (इयू) की प्रमुख उर्सुला भोन डेर लेयनले उद्धार तथा क्षतिको मूल्यांकनमा सहयोग गर्न युरोपेली संघले आफ्नो कोपर्निकस स्याटेलाइट सेवा परिचालन गरेको बताएकी छन् । इजरायल, मेक्सिको, इक्वेडर र फ्रान्सले पनि कोलम्बियालाई उद्धार तथा राहत कार्यमा सहयोग गर्ने प्रस्ताव गरेका छन् । *रासस⁄एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०७९०० | प्रति तोला – ० | प्रति तोला – ४७८० |



**रामपुरमा धान रोपाइँ** | धान उत्पादनमा प्रख्यात मानिने ओखलढुंगाको रामपुरटारमा खेत रोपाइँ सकिएपछि ड्रोनबाट देखिएको दृश्य । जिल्लामा धान लगाउने तीन हजार ८०३ हेक्टर क्षेत्रमध्ये हालसम्म ९९ दशमलव ८१ प्रतिशतमा रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र ओखलढुंगाले जनाएको छ । *तस्बिरः नवराज कार्की/ रासस*

## उत्तरगंगा जलविद्युत्लाई उत्पादन अनुमति

■ प्रभाव संवाददाता

**बागलुङ–** लामो समयदेखि चर्चामा मात्रै रहेको उत्तरगंगा जलायशयुक्त जलविद्युत् आयोजना निर्माणका लागि थप प्रक्रिया अघि बढेको छ । विद्युत् विकास विभागले आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । आयोजना उत्तरगंगा पावर कम्पनीले निर्माण गर्दैछ ।

विभागले यही साउन २० गते उत्पादन अनुमतिपत्र प्रदान गरेको हो । उक्त निर्णयसँगै २०६१ सालदेखि चर्चामा रहेको नेपालकै सस्तो जलाशययुक्त जलविद्युत् परियोजना अघि बढ्ने आशा पलाएको हो । सरकारले चालु आर्थिक वर्षमा नै सो आयोजना निर्माणका लागि बोलपत्रको प्रक्रिया अगाडि बढाउने उल्लेख गरेको छ । कुल ८२८ मेगावाट क्षमताको सो आयोजनालाई उत्पादन अनुमतिपत्र प्रदान गरिएको विभागका सूचना अधिकारी बद्री कुइँकेलले जानकारी दिए ।

बागलुङको ढोरपाटन नगरपालिकास्थित ढोरपाटन उपत्यकामा उत्तरगंगाको पानी जम्मा गरी निसीखोलामा झारेर विद्युत् उत्पादन गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । विभागले आयोजनास्थल रहेको ढोरपाटन र निसीखोलालाई पत्राचार गरिसकेको छ । अनुमतिपत्रसँगै उत्तरगंगा नदीको पानीलाई निसीखोलामा फर्काएर विद्युत् उत्पादन गर्ने यसअघिको स्वीकृत परियोजना संरचनाले औपचारिकता पाएको छ ।

आयोजनाको पानी भेरीतर्फ लैजाने वा निसीखोलातर्फ फर्काउने भन्ने लामो समयदेखिको विवाद समाधान नहुँदा समस्या भएको थियो । पछिल्लो निर्णयअनुसार, अब उत्तरगंगा नदीको पानीलाई निसीखोलामा फर्काएर विद्युत् उत्पादन गरिनेछ । आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन भने २०८० माघ २ गते नै स्वीकृत भएको थियो । उक्त प्रतिवेदनले पनि उत्तरगंगा नदीको पानीलाई निसीखोलामा फर्काएर विद्युत् उत्पादन गर्ने निष्कर्ष निकालेको थियो ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी उत्तरगंगा पावर कम्पनी लिमिटेडले विकास गरिरहेको यो आयोजना जलाशययुक्त तथा अन्तरजलाधार स्थानान्तरण परियोजनाका रूपमा रहेको छ । उत्तरगंगा नदीमा अग्लो बाँध निर्माण गरी जलाशयको पानी छ दशमलव ५१ किलोमिटर लामो मुख्य सुरुङमार्फत निसीखोलातर्फ फर्काइने छ ।

## डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै गएको छ । वित्तीय प्रविधि (फिनटेक) र डिजिटल भुक्तानीमा मात्र सीमित नरही कन्टेन्ट क्रिएसन, गिग इकोनोमी, एल्गोरिदमलगायत क्षेत्रमा विस्तारभइ फराकिलो हुँदै गएको विज्ञहरूले बताएका छन् ।

राष्ट्रिय सभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित 'डिजिटल अर्थतन्त्र' सम्बन्धी छलफलमा विज्ञ रमाकान्त पाण्डेले डिजिटल अर्थतन्त्रको प्रभाव नेपाली बजारमा प्रभावकारी देखिएको बताए ।

उनले कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरको गतिविधिले अर्थतन्त्रमा प्रभाव पार्न थालेको उल्लेख गर्दै डिजिटल प्रविधिको विकाससँगै नयाँ प्रकारका व्यवसाय र रोजगारीका क्षेत्र सिर्जना भइरहेको बताए ।

'हिजो हामीले फिनटेक र डिजिटल मनीलाई मात्रै डिजिटल अर्थतन्त्रको रूपमा हेरिरहेका थियौँ, अहिले त्यो संरचनाबाट बाहिर आएका छौँ,' उनले भने ।

विज्ञ दिनेश विष्टले डिजिटल अर्थतन्त्रमा नेपालको भविष्य राम्रो भए पनि डिजिटल पूर्वाधार, फाइभजी नेटवर्क तथा कानुनी संरचनामा सुधार आएको बताए ।

> 'बैंकले ऋण दिन लालपुर्जा माग्छ । लालपुर्जा भूमि सुधारसम्बन्धी निकायसँग छ भने नागरिकसँग माग्नुको सट्टा सम्बन्धित निकायबाटै विवरण प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ ।'

उनले डिजिटल सार्वजनिक पूर्वाधार (डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर) निर्माणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिए । 'एउटा विद्यालय वा अस्पतालमा भएको डेटा अर्को निकायले लिन पाउने अधिकार छ कि छैन भन्ने विषयमै स्पष्ट कानुनी व्यवस्था आवश्यक छ,' विष्टले भने ।

'बैंकले ऋण दिन लालपुर्जा माग्छ । लालपुर्जा भूमि सुधारसम्बन्धी निकायसँग छ भने नागरिकसँग माग्नुको सट्टा सम्बन्धित निकायबाटै विवरण प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ,' उनले भने ।

उनले कम्पनी दर्ताको उदाहरण दिँदै प्रत्येक वर्ष हजारौं कम्पनी दर्ता हुने र त्यस क्रममा विभिन्न निकायबीच धेरै चरणमा विवरण प्रमाणीकरण तथा आदानप्रदान गर्नुपर्ने अवस्था रहेको बताए । डेटा एक्सचेन्ज प्लेटफर्म निर्माण गर्न सके कम्पनी दर्तालगायत सेवामा लाग्ने समय उल्लेख्य रूपमा घटाउन सकिने उनको भनाइ थियो । 'डेटा एक्सचेन्ज प्लेटफर्म ल्याउन सक्यौं भने कम्पनी दर्तामा लाग्ने समय बचत गर्न सकिन्छ,' उनले भने ।

उनले व्यक्तिगत डेटा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको उदाहरण दिँदै नागरिकको व्यक्तिगत विवरण अनधिकृत रूपमा प्रयोग वा चुहावट भएमा सम्बन्धित निकाय जवाफदेही हुने व्यवस्था आवश्यक रहेको बताए ।

डिजिटल अर्थतन्त्रको विकासका लागि प्रविधि र पूर्वाधारसँगै डेटा सुरक्षा, अन्तरसरकारी निकायबीच डेटा आदानप्रदान, डिजिटल सुशासन तथा आवश्यक कानुनी संरचनालाई प्राथमिकतामा राख्नुपर्नेमा छलफलका सहभागीले जोड दिएका थिए ।

## कर्पोरेट

### नागरिक लगानी कोषका सहभागीलाई मनकामना अस्पतालमा छुट



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषका सहभागी, सेयरधनी र कर्मचारीहरूलाई मनकामना अस्पताल प्रा.लि.भरतपुर, चितवनले सबै स्वास्थ्य सेवामा २० प्रतिशत छुट दिने भएको छ । सो सम्बन्धी सम्झौतामा कोषका निर्देशक हेमन्त पोखरेल र अस्पतालका बजार प्रमुख उमाकान्त बरालले हस्ताक्षर गरेका हुन् ।

सम्झौतासँगै अब कोषका सहभागी, सेयरधनी र कर्मचारीले २० प्रतिशत छुटको अतिरिक्त अस्पतालले उपलब्ध गराउने सिटी स्क्यान र अपरेशनमा १०/१० प्रतिशत र औषधि खरिदमा ५ प्रतिशत उक्त छुट पाउनेछन् । छुट सुविधा लिन कोषका सहभागी, सेयरधनी तथा कर्मचारीले आफ्नो परिचयपत्र, सहभागीले कोषमा आवद्ध भएको प्रमाणपत्र वा अन्य पहिचान खुल्ने कागजात पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई कुमारी बैंकको सहयोग



**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई नवजात शिशु तथा बालबालिकाको सघन उपचार सेवा सुदृढीकरणका लागि रु. १० लाख आर्थिक सहयोग प्रदान गरेको छ । उक्त सहयोग विशेषगरी हृदय रोगबाट पीडित नवजात शिशु तथा बालबालिकाको उपचारमा आवश्यक स्वास्थ्य सेवा तथा उपकरण व्यवस्थापनमा उपयोग गरिनेछ ।

नेपाल सरकार अन्तर्गत सञ्चालन भइरहेको शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र देशकै प्रमुख विशिष्टीकृत हृदय रोग उपचार केन्द्र मध्ये एक हो । केन्द्रले देशका विभिन्न दुर्गम तथा पिछडिएका क्षेत्रबाट उपचारका लागि आउने आर्थिक रूपमा विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका नवजात शिशु तथा बालबालिकालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । बढ्दो बिरामी चाप र सघन उपचार सेवाको आवश्यकतालाई सम्बोधन गर्न उक्त सहयोग प्रदान गरिएको हो ।

कुमारी बैंकले स्वास्थ्य सेवा प्रत्येक नागरिकको आधारभूत अधिकार भएको विश्वास गर्दै आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न योगदान पुर्याउँदै आएको छ । यस सहयोगले नवजात शिशु तथा बालबालिकाको उपचार गुणस्तर अभिवृद्धि गर्न, जीवनरक्षा दर बढाउन तथा स्वास्थ्य सेवामा रहेको असमानता न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । कुमारी बैंक लिमिटेडले हाल देशभर फैलिएका २८५ शाखा, ४१ विस्तारीत काउन्टर, ३०२ एटीएम, ४० शाखारहित बैंकिङ इकाइ मार्फत लाखौं ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

### ग्लोबल आइएमई बैंकको नाइमा विशेष अफर




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले नाइमा अटो एक्सपोको अवसर पारेर व्यक्तिगत गाडी कर्जामा विशेष छुट योजना सार्वजनिक गरेको छ । बैंकले सार्वजनिक गरेको उक्त विशेष योजनाअनुसार नाइमा अटो एक्सपोमा नयाँ गाडी खरिद गर्ने ग्राहकले बैंकको आधारदरमा न्यूनतम शून्य दशमलब पाँच प्रतिशत प्रिमियम थपेर कर्जा पाउने छन् । जसअनुसार, हालको आधारदरमा न्यूनतम् ब्याजदर ५.२५ प्रतिशत ब्याजदर कायम हुन्छ । बैंकको आधारदर घटबढ भएअनुसार यो कर्जाको ब्याजदर पनि स्वतः समायोजन हुनेछ ।

साथै, बैंकले नाइमा अटो एक्सपोमा नयाँ इभी गाडी किन्ने ग्राहकहरूको लागि ३ वर्षको लागि ५.९९ प्रतिशतको स्थिर ब्याजदरको योजना ल्याएको छ । ३ वर्ष पश्चात् उक्त कर्जाको दर बैंकको आधारदरमा अधिकतम २ प्रतिशत प्रिमियम थप हुनेछ । साथै, ग्लोबल आइएमई बैंकले नाइमा अटो एक्सपोमा आफ्नो स्टल राखी गाडी किन्न इच्छुक ग्राहकहरूलाई कर्जा प्रकृया अगाडि बढाउने व्यवस्था गरेको छ । बैंकको उक्त स्टलबाटै पनि ग्राहकले कर्जाको आवेदन दिन मिल्ने व्यवस्था बैंकले गरेको छ । ग्राहकहरूले कागजपत्र पुरा गरेपश्चात् बैंकले गाडी किन्नको लागि अधिकतम् तीन दिन मै स्वीकृतिपत्र समेत प्रदान गर्नेछ ।

विगत लामो समयदेखि आधुनिक प्रविधि र उत्कृष्ट ग्राहक सेवाका कारण विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधामा सम्मानित हुँदै आएको ग्लोबल आइएमई बैंकले 'बैंक अफ द इयर २०१४', 'बेष्ट इन्टरनेट बैंक २०१६', तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार 'बेष्ट बैंक नेपाल' को उपाधि प्राप्त गरिसकेको छ । यस्तै बैंकले युरोमनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित पुरस्कारहरू समेत हात पारेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको ७७ वटै जिल्लामा शाखा सञ्जाल विस्तार गर्ने निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । हाल बैंकले ३४१ शाखा कार्यालय, ३६६ एटिएम, १४७ शाखारहित बैंकिङ सेवा, ६९ एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित कुल १ हजारभन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

### नाइमा मोबिलिटी एक्स्पो २०२६ मा 'इन्डि' इलेक्ट्रिक स्कुटर सार्वजनिक



**काठमाडौं (प्रस)–** नेपालमा जारी 'नाइमा मोबिलिटी एक्स्पो २०२६' को अवसर पारेर पछिल्लो समय निकै चर्चामा रहेको भारतीय इलेक्ट्रिक स्कुटर 'इन्डि' आधिकारिक रूपमा नेपाली बजारमा सार्वजनिक गरिएको छ । भारतको बैंग्लोरमा मुख्यालय रहेको रिभर मोबिलिटी कम्पनीले उत्पादन गरेको यो स्कुटर आफ्नो भिन्न डिजाइन र उपयोगिताका कारण 'स्कुटरको एसयूभी' भनेर चिनिन्छ ।

रिभर मोबिलिटीले छोटो समयमै भारतीय बजारमा बलियो पकड जमाउन सफल भएको छ । हाल भारतका विभिन्न सहरहरूमा कम्पनीका ८० वटा शोरुमहरू सञ्चालनमा छन् । उत्कृष्ट प्रदर्शन र आकर्षक लुक्सका कारण कम्पनीले प्रतिमहिना करिब ६ हजार थान स्कुटर बिक्री गर्दै आएको छ । सोही सफलतालाई मध्यनजर गर्दै कम्पनीले नेपाली बजारमा आफ्नो उपस्थिति जनाएको हो ।

इन्डि इलेक्ट्रिक स्कुटरको सबैभन्दा मुख्य आकर्षण यसको स्टोरेज स्पेस हो । यसमा ५५ लिटरको विशाल स्टोरेज क्षमता रहेको छ, जुन हाल बजारमा उपलब्ध अन्य स्कुटरहरूको तुलनामा निकै धेरै हो । सिटमुनिको ठूलो स्पेसका साथै यसमा अन्य व्यावहारिक स्टोरेज अप्सनहरू पनि दिइएको छ, जसले गर्दा धेरै सामान बोक्नुपर्ने प्रयोगकर्ताहरूका लागि यो निकै उपयोगी सिद्ध हुने देखिन्छ ।

प्राविधिक पक्षतर्फ यो स्कुटर निकै सबल रहेको छ । यसमा ४ किलोवाट आवरको शक्तिशाली ब्याट्री जडान गरिएको छ । स्कुटरमा रहेको मोटरको पिक पावर क्षमता ६.७ किलोवाट रहेको छ, जसले गर्दा यसले उकालो र कठिन सडकहरूमा पनि उत्कृष्ट पिकअप प्रदान गर्दछ । कम्पनीको दाबी अनुसार यो स्कुटरलाई एक पटक फुल चार्ज गर्दा ११० किलोमिटर सम्मको रेन्ज प्रदान गर्दछ ।

## नेपाल मोबिलिटी एक्स्पो-२०२६ सुरू

**काठमाडौं (प्रस)–** नेपाल मोबिलिटी एक्स्पो-२०२६ काठमाडौँको भृकुटीमण्डपमा सुरु भएको छ । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले एक्स्पोको उद्घाटन गर्दै आर्थिक विकासका लागि यातायात र मोबिलिटी क्षेत्रबीच सहकार्य हुनुपर्ने बताए ।

'यस्ता प्रदर्शनीले नेपालको यातायात र मोबिलिटी क्षेत्रको विकासमा कोशेढुंगा सावित हुने विश्वास लिएको छु । सडक सुरक्षा र ट्राफिक व्यवस्थापन र सवारी अनुशासन लगायतको पक्षमा ध्यान दिन जरुरी छ,' उनले भने, 'नियामक निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य गरेर अघि बढेको खण्डमा यातायात क्षेत्रलाई व्यवस्थित गराउन सकिन्छ ।'

नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) का अध्यक्ष रितुसिंह वैद्यले एउटै छानोमुनि विभिन्न मोडेलका सवारीसाधनहरू प्रदर्शनीमा राखिएको बताइन् । यही साउन २६ देखि ३१ गतेसम्म चल्ने एक्स्पोमा दुई पांग्रे सवारीसाधनका १८ र चार पाङ्ग्रे सवारीसाधनका २९ नयाँ ब्राण्ड सार्वजनिक गरिदैं छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज), नेपाल चेम्बर अफ कर्मशका अध्यक्ष कमलेश अग्रवाललगायतले यातायात क्षेत्रलाई व्यवस्थित मर्यादित गराउनुपर्ने धारणा व्यक्त गरे ।

## नेप्से परिसूचक झिनो अंकले बढ्यो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार झिनो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशलमव ७९ अंकले बढेर दुई हजार ६४१ दशमलव ८५ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८५ अंकले बढेर चार सय ६२ दशमलव २२ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक शून्य दशमलव १७ अंकले बढेर १८१ दशमलव ३५ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३० अंकले बढेर १५६ दशमलव ४७ मा पुगेको छ । विभिन्न कम्पनीका ९५ लाख ३४ हजार २२१ कित्ता सेयर रु चार अर्ब ११ करोड नौ लाख ७४ हजार ६७४ मूल्यमा खरिद बिक्री भएको छ ।

१३ उपसमूहमध्ये छ उपसमूह बढ्यो भने सात उपसमूह घट्यो । १३४ कम्पनीको सेयर बढ्यो भने १२१ कम्पनीको सेयर घट्यो । त्यसैगरी २० कम्पनीको सेयरस्थिर रह्यो । नेप्सेका अनुसार अपर लोहारे खोला हाइड्रोपावर,आरबिबि डिबेञ्चर, लक्ष्मी उन्नति कोषका लगानीकर्ताले कमाएका छन् । त्यस्तै गरी महिला लघुवित्त वित्तीय संस्था लिमिटेड, प्राइम डिबेञ्चर सप्तकोशी डेभलपमेन्ट बैंकका लगानीकर्ताले गुमाएका छन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ